डेङ्गी नियन्त्रणका उपाय
-लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने ठाउँ पत्ता लगाइ नष्ट गर्ने तथा गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिने।
-लामखुट्टेको टोकाइबाट बच्ने उपायहरू अपनाउने।
-डेङ्गीका लक्षण देखिए तत्काल स्वास्थ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

जनहितमा जारी सन्देश
- मौसम परिवर्तन भइरहेको छ। यस परिवर्तनले स्वास्थ्यमा प्रतिकूलता ल्याउँछ। रुघा, खोकीलगायत मौसमजन्य बिमारी हुन सक्छ।
- कीराफटयाङ्ग्रा, लामखुट्टे जन्मने समय पनि यही हो। घरआँगन, नगर सफा राखौं। सफा ठाउँमा रोग फैलँदैन।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ असोज २२ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 October 08 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५१

## नारायणी र पोखरिया अस्पतालमा औषधि अभाव

प्रस, वीरगंज, २१ असोज/

नारायणी अस्पताल वीरगंजमा स्वास्थ्य बीमा गराएका बिरामीहरूले एक महीनादेखि चिकित्सकले सिफारिश गरेका सबै खाले औषधि पाउन छाडेको गुनासो गरेका छन्।




सरकारले ९० थरीका औषधि स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत अस्पतालबाटै उपलब्ध गराउँदै आएकोमा नारायणी अस्पतालमा चालू आवमा औषधिको ठेक्का लाग्न नसकेकोले अहिले औषधि अभाव भएको हो। चार महीना अवधिमा तीनजना मेडिकल सुपरिटेन्डेन्ट परिवर्तन भएकाले अस्पतालका सेवाहरू पछिल्ला समयमा प्रभावित हुँदै आएको छ।

नयाँ मेसुमा डा चुमनलाल दास गत शुक्रवार असोज १८ गते हाजिर भएका हुन्। उनी असोज ६ गते सरुवा भएपनि दुई सातापछि अस्पतालमा हाजिर भएका र त्यसबीचमा कावा मेसु डा ऐनामुल हकले प्रभावकारी काम बन्द गरेका थिए। सोही अवधिमा असोज १४ देखि १६ गतेसम्म एक्स-रे सेवा रिल अभावले बन्द रह्यो भने प्रयोगशालामा पनि केमिकल अभाव भएर ५० प्रतिशत सेवा प्रभावित भएको थियो। यसैगरी, कर्मचारीहरूले पनि दशैं खर्च र असोज महीनाको तलब पाउन सकेका छैनन्।

अहिले एक महीनादेखि नारायणी अस्पतालमा बीमाको औषधि अभाव भएको छ। वीरगंज महानगर-१ छपकैया निवासी मिथलेश कर्णले बिरामी पतिको औषधि अस्पतालबाट पाउँदै आएकोमा दुई सातादेखि औषधि नपाएको गुनासो गरिन्। उनले आफ्नो आर्थिक अवस्था कमजोर भएको र अस्पतालबाट पतिलाई ज्येष्ठ नागरिक बीमाबाट औषधि पाउँदा सहज भएको तर अहिले बजारबाट किन्नु परेकोमा समस्या भएको बताइन्।

अस्पताल स्रोतका अनुसार अहिले औषधिको टेन्डर भएको छैन। पुरानो ठेकेदारले औषधि दिन बन्द गरेको छ र भण्डारणमा रहेको औषधि अहिले खपत भइरहेको छ। बीमाको औषधि लिन आउनेमध्ये आधाभन्दा बढी फिर्ता भइरहेका छन्। अस्पतालमा दैनिक पाँच सय जति बीमाको औषधि लिन आउने बिरामीहरू हुन्छन्। अहिले चिकित्सकले सिफारिश गरेका औषधिमध्ये आधा पनि नपाउने गरेको सेवाग्राहीहरूले गुनासो गरेका छन्।

**प्रस, पोखरिया/**

पोखरिया जिल्ला अस्पतालमा पनि औषधि अभाव भएको छ। स्वास्थ्य बीमाका बिरामीहरूको लागि औषधिको कुनै व्यवस्था गरिएको छैन। अस्पतालले सरकारबाट पाउने ९० थरीका औषधिमध्ये पनि अहिले धेरै कमी रहेको निमित्त मेसु डा अनिल यादवले बताए। उनले स्वास्थ्य बीमाका लागि दैनिक २५ जना आउने गरेकामा औषधि अभाव भएपछि बिरामीको सङ्ख्या घटेको बताए। पोखरिया अस्पतालमा पनि




औषधिको ठेक्का नलाग्दा अहिले समस्या भएको हो। नगरपालिकाले औषधिका लागि विनियोजन गरेको रकमबाट अस्पताललाई उपलब्ध गराउनुपर्ने औषधि खरीद गरेर नपठाएको कारण त्यहाँ औषधि अभाव भएको हो।

**नारायणी अस्पतालका सुत्केरीलाई निश्शुल्क रगत व्यवस्था**

प्रस, वीरगंज, २१ असोज/

नारायणी अस्पताल वीरगंजले सुत्केरी महिलालाई उपचारको क्रममा आवश्यक पर्ने रगत निश्शुल्क उपलब्ध गराउने व्यवस्था गरेको छ।

नारायणी अस्पतालले नेपाल रेडक्रस सोसाइटी, पर्सासँग अस्पतालमा सुत्केरी हुन आउनेहरूलाई आवश्यक रगत रक्तसञ्चार केन्द्र, वीरगंजबाट निश्शुल्क उपलब्ध गराउन सोमवार सम्झौता गरेको नारायणी अस्तपताल विकास समितिका अध्यक्ष धीरज गुप्ताले बताए।

नारायणी अस्पतालका चिकित्सकले सुत्केरीलाई आवश्यक पर्ने रगत सिफारिश गरेको आधारमा रक्तसञ्चार केन्द्रले निश्शुल्क रगत उपलब्ध गराउने र सोको भुक्तानी प्रतिपिन्ट रगतको एक हजार ५० का दरले प्रत्येक महीनाको ५ गतेभित्र अस्पतालले गर्ने सम्झौता भएको उनले बताए।

नारायणी अस्पतालका मेसु डा चुमनलाल दास र नेपाल रेडक्रस सोसाइटी पर्साका सभापति वीरेन्द्रराज कँडेलले आज सो सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए। कार्यक्रममा केन्द्रकी अध्यक्ष मधु राणा, नेरेसो पर्साका मन्त्री शैलेन्द्र चौरसिया, केन्द्रका प्रमुख सौरभराज पाण्डेयलगायतको सहभागिता थियो।

नारायणी अस्पतालले यस अघि चिकित्सकको सिफारिशमा अस्पतालमा भर्ना हुने गरीब बिरामीहरूलाई चिकित्सकका सिफारिशमा निश्शुल्क रगत उपलब्ध गराउँदै आएको थियो। आजको सम्झौताबाट रगतको आवश्यकता पर्ने सो अस्पतालमा भर्ना भएका सबै सुत्केरीलाई निश्शुल्क रगतको व्यवस्था भएको छ।

## बर्खाको पानीको निकासलाई लिएर अलौंमा उपद्रो

प्रस, परवानीपुर, २१ असोज/

वीरगंज महानगरपालिका-२६ सुगौलीबिर्ता र वडा नं १७ अलौंवासीबीच बर्खाको पानीको निकासको विषयलाई



लिएर विवाद निकै चर्किएको छ।

असोज ११ र १२ गतेको अविरल बर्खाबाट वडा नं २६ सुगौलीबिर्ताका केही घर र खेत डुबानमा परेका थिए। सुगौलीबिर्तासहित वडा नं २० हरपतगंज र वडा नं २४ बहुअरी पनि डुबानमा परेका थिए। तीनैवटै ठाउँको पानीको निकास रहेको वडा नं १७ अलौंस्थित आइसिपीचोकबाट पानीको निकास निकाल्न खोज्दा सोमवार विवाद बढेर हात हालाहाल र कुटपिट भएर सडक जामसम्मको अवस्था सिर्जना भएको छ।

नगरप्रमुख राजेशमान सिंह सोमवार बिहान सो क्षेत्रको अनुगमन गरी निकास खोलाउन जाँदा अलौंवासीले आफ्नोतर्फबाट पानीको निकास दिंदा टोल डुबानमा परेको भन्दै विरोध गरेका थिए। नगरप्रमुख सिंहले भने बर्खाको पानीबाट तीनवटा वडा प्रभावित भएकाले सोको निकास दिन आग्रह गरेका थिए।

सोही क्रममा नगरप्रमुख सिंह र स्थानीय अलौंवासीबीच झोंकाझोंक भएको थियो। त्यस क्रममा नगरप्रहरीले हस्तक्षेप गर्दा सुदर्शन लामिछानेको टाउको फुटेको थियो। उनका पिता शिवओम लामिछानेसँग नगरप्रमुखले दुर्व्यवहार



गरेको भन्दै उनी नगरप्रमुख सिंहविरुद्ध उग्ररूपमा प्रस्तुत भएपछि नगरप्रहरीले हस्तक्षेप गरेको थियो।

त्यसपछि अलौंवासीले सुक्खा बन्दरगाहचोकमा धर्ना दिएर सवारी आवागमन ठप्प पारेका थिए। उनीहरूले नगरप्रमुख सिंहले माफी माग्नुपर्ने अडान लिएका छन्। शिवओम लामिछानेका छोरा रोशन लामिछानेले नगरप्रमुख सिंहले माफी नमागेसम्म अनिश्चितकालीन धर्ना जारी रहने बताए। दशैंका कारण केहीबेरको सडकजाम हटाएर सडक किनारमा अनिश्चितकालीन धर्ना शुरू गरेको उनले बताए।

नगरप्रमुख सिंहले भने सो क्षेत्रमा पानीको निकासको विषयमा विवाद भएको कुरालाई ध्यानमा राखेर आफू इन्जिनीयरसहित घटनास्थलमा गएको र निकासबारेमा प्राविधिक छलफल गर्दा वृद्ध व्यक्ति शिवओम लामिछानेले आफूसँग दुर्व्यवहार गर्न खोजेको बताए। यसअघि हिजो राति वडा सदस्य आमोद यादवलाई पनि अलौंमा सोही विषयमा कुटपिट गरिएको उनले बताए। आज आफूमाथि पनि त्यस्तै प्रयास भएकोले नगरप्रहरीमार्फत नियन्त्रण गर्न खोजिएको बताए।

## अहेबको नतीजा प्रकाशनमा नगरप्रमुख असन्तुष्ट

नरेश यादव, पर्सागढी, २१ असोज/

बहुदरमाई नगरपालिकाका प्रमुख



सिंहासन साह तेली र प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तफाबीच अहेबको नतीजा प्रकाशनको विषयलाई लिएर मनमुटाव शुरू भएको छ।

बहुदरमाई नपाले तीनजना अनमी र १० जना अहेब चौथो तहका लागि गत जेठ २६ गते लिखित परीक्षा लिएको थियो। तीनजना अनमीका लागि चारजनाले आवेदन दिएकाले उनीहरूको नतीजा सोही बखतमा भएको थियो र उनीहरू अहिले तोकिएका क्षेत्रमा काम पनि गरिरहेका छन्। यसैबीच, असोज १ गते १० जना अहेबको नतीजा प्रकाशन गरिएको थियो। सो प्रकाशन भएको २० दिनपछि नगरप्रमुख तेलीले नतीजा प्रकाशनप्रति आपत्ति जनाउँदै प्रमुख प्रशासकीय अधिकृत मुस्तफामाथि आर्थिक चलखेल गरेर नतीजा प्रकाशन गरेको आरोप पनि लगाएका छन्। उनले आर्थिक चलखेलमा जनप्रतिनिधिलाई दोषी बनाएर नतीजा प्रकाशन गरिएको व्यापक जनगुनासो आएको भनी सो नतीजा कार्यान्वयनमा नल्याउन हिजो सूचना प्रकाशन गरी माग गरेका छन्।

प्रप्रअ मुस्तफाले अनमीको नतीजा प्रकाशन भएर खटिसकेका र अहेबको नतीजा प्रकाशनमा ढिला हुँदा जनशक्ति अभावले काममा बाधा परिरहेकोले नतीजा प्रकाशन गरिएको बताए। उनले लिखित परीक्षाको नतीजा प्रकाशन भएको र अब दशैंपछि मौखिक परीक्षा लिएर काममा खटाउने बताए। उनले आर्थिक चलखेलको कुरा मिथ्या आरोप मात्र भएको बताए।

## एक हजार गरीबलाई कपडा वितरण

प्रस, वीरगंज, २१ असोज/

दशैंको अवसरमा वीरगंज कपडा बैंकले सोमवार घण्टाघरमा निश्शुल्क कपडा वितरण गरेको छ। प्रत्येक दिन आइतवारदेखि शुक्रवारसम्म वीरगंज-८ पानीट्ङ्की रोडस्थित बैंकको कार्यालयमा निश्शुल्क कपडा वितरण हुँदै आएको र आज दशैंका लागि घण्टाघरमा नयाँ, पुराना कपडाहरू निश्शुल्क वितरण गरिएको सचिव कन्हैया पटेलले बताए। उनले आज करीब एक हजार थान नयाँ, पुराना कपडा वितरण गरिएको बताए।

सो अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा प्रमुख अतिथि सुरेन्द्रप्रसाद कुर्मीले 'जोसँग धेरै छ दिएर जानुस् र नहुनेले लिएर जानुस्' भन्ने नाराका साथ छ वर्षदेखि कपडा बैंक वीरगंजमा सफलतापूर्वक सञ्चालन हुँदै आएको बताए। उनले चाडपर्व मनाउने सबैको चाहनालाई कपडाको माध्यमबाट




बैंकले सानो सहयोग पुऱ्याएको बताए। उनले आम्दानीको ५-१० प्रतिशत सामाजिक सेवामा लगाउने अभियान सञ्चालन गर्ने हो भने हामीले पनि आफैं सामाजिक कार्यहरू गर्न सक्छौं र त्यसका लागि कुनै एनजिओको आवश्यकता नपर्ने बताए। विदेशमा पनि यही प्रवृत्तिले रकम जम्मा गर्ने र समाजसेवामा खर्चिने गरेको भन्दै यस्तो अभियान आफूहरूले पनि गर्न सकिने बताए।

कार्यक्रममा प्रकाश उपाध्याय, ओमप्रकाश सर्राफ, हुकुमसिंह राजपूतलगायतको सहभागिता थियो।

## ४७ हजार नक्कली नोट सहित दुईजना पक्राउ

प्रस, रौतहट, २१ असोज/

नक्कली नोटसहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुरबाट खटिएको प्रहरी गस्ती टोलीले वडा नं १० मा शनिवार चेकजाँचको क्रममा चन्दपुरबाट गौरतर्फ जाँदै गरेको भारतीय नम्बरको मोटरसाइकलबाट ४७ हजार नेपाली नक्कली नोट बरामद भएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ।

मोटरसाइकलको सिटमुनि चाउचाउको खोलमा सो नोट राखिएको अवस्थामा बरामद भएको र मोटरसाइकल चालक तथा पछाडि बसेका रौतहट गढीमाई नपा-५ बस्ने ३६ वर्षीय रामकिशोर पटेल र ४० वर्षीय सन्तोष उपाध्याय पक्राउ परेको जिप्रका, रौतहटले जानकारी गराएको छ। घटनाबारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।



**विचारसार र सुक्तिहरू**

**पुरुषमा नारीको गुण आयो भने ऊ महात्मा बन्छ र नारीमा पुरुषको गुण आयो भने ऊ कुलटा बन्छे।**

**–प्रेमचन्द**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# चाडपर्व र रङ्गीन माटो

**दशैं र तिहार नेपालका प्रमुख चाडपर्वहरू हुन्, यस लगत्तै छठ पर्व आउँछ। यी चाडपर्वहरूमा घरको वातावरणलाई रङ्गीन बनाउनका लागि माटोले घर पोत्ने हाम्रो परम्परा छ। हाम्रो मुलुकमा कमेरे माटो, रातो माटो, कालो माटो र पहेंलो माटो घरको भित्ता रङ्ग्याउन प्रयोग गरिन्छ। खैरो माटो भने भुइँ पोत्न र भित्ता पाल्न मात्रै प्रयोगमा छ। मुलुकको तराई–मधेसदेखि हिमाल, पहाडसम्मका घरहरू पर्वको बेला कमेरे माटो र रातो माटोले सजिएका हुन्छन्। माटोले घर नरङ्गीएसम्म पर्व आएको अनुभूति नहुने नेपालीको स्वभाव छ। यो परम्परा केवल घरको सौन्दर्यमा मात्र नभई सांस्कृतिक र धार्मिक अर्थमा पनि महत्त्वपूर्ण मानिन्छ। चाडपर्वहरूमा घरको स्वच्छताले विशेष महत्व राख्छ। माटोले घर पोत्नुलाई धर्मशास्त्र र पूर्वीय दर्शनले पवित्रता र शुद्धताको प्रतीक मान्छ। माटो प्राकृतिक र स्थानीय सामग्री हो, जसले घरलाई स्वच्छता र ताजगी प्रदान गर्ने कुरा विज्ञानले पनि सिद्ध गरेको छ। यसको साथै माटोको प्रयोगले घरलाई सुरक्षा प्रदान गर्ने त छँदैछ। मनसुन थाती लागेपछि आउने पर्वहरू रङबिरङ्गी माटोले घर पोतेर विभिन्न डिजाइन एवं धार्मिक, ऐतिहासिक र संस्कृति झल्कने चित्रहरू चित्रण गर्ने चलन छ। माटो प्राकृतिक स्रोत हो र यसलाई प्रयोग गरेर घरलाई सजाउनुले प्रकृति संरक्षणका साथै सम्मान व्यक्त गर्दछ। यसले वातावरण एवं पर्यावरण सन्तुलनको स्थायित्व र महत्व दर्शाउँछ।**

**रङबिरङ्गी माटोले घर लिप्ने परम्परा हाम्रो मुलुकबाहेक अन्य देशहरूमा पनि पाइन्छ। यद्यपि यसको विशेषता र तरीका भने फरक छन्। भारतका अधिकांश ग्रामीण क्षेत्रमा घरको भित्ता पोत्न माटोको प्रयोग गरिन्छ। समथर क्षेत्रभन्दा पहाडी क्षेत्रहरूमा रङ्गीन माटो उपलब्धता सहज हुने भएकाले त्यस्ता क्षेत्रका घरका भित्ता तथा पर्खालहरू माटोले सजिएका हुन्छन्। यहाँ पनि घरका भित्ताहरू सजावट गर्दा लोककलाको विशेष प्रभाव पाइन्छ। त्यसैगरी, अफ्रिकी मुलुकहरूमा घरको भित्तामा माटोको प्रयोग गरेर कलात्मक चित्रण गर्ने परम्परा छ। यसले घरको सौन्दर्यसँगै त्यहाँको सांस्कृतिक पहिचानलाई पनि दर्शाउँछ। उता मेक्सिको, दक्षिण अमेरिकी देशहरू पेरु, बोलिभियालगायतका मुलुकहरूमा स्थानीय समुदायले रङ्गीन माटो प्रयोग गरेर घरको सजावट गर्ने परम्परा छ।**

**मानिसले घरमा रङ्गीन माटोले पोत्ने परम्परा प्राचीन समयदेखि चलिआएको हो। यो मानव सभ्यता जत्तिकै प्राचीन छ। त्यसैले हामीकहाँ सांस्कृतिक र धार्मिक अर्थमा यसलाई महत्त्वपूर्ण मानिन्छ। यसबारेका केही ऐतिहासिक, पौराणिक तथ्यहरू छन्। जस्तै ऐतिहासिक तथ्य विश्वका विभिन्न प्राचीन सभ्यताहरू, जस्तै मेसोपोटामिया, इजिप्ट र भारतका इन्दुज भेली सभ्यतामा घरका भित्तामा माटोको प्रयोग गरेको पाइन्छ। प्राचीन कलाकृतिहरू र पुरातात्त्विक उत्खननले पनि प्राचीनकालमा रङ्गीन माटोको प्रयोग गरिएको तथ्य पत्ता लागेका छन्। धार्मिक कोणबाट हेर्दा हिन्दू धर्मका पवित्र शास्त्र भगवद्गीतामा 'घरमा माटो पोत्नुले आत्मा र वातावरणको शुद्धता बढाउँछ' भन्ने सन्देश छ। जनश्रुति र लोककथाहरूमा पनि घर सजाउन रङ्गीन माटोको प्रयोग भएको पाइन्छ। हाम्रो संस्कृति तथा परम्परा एवं मान्यताहरूलाई पुस्ता हस्तान्तरण गर्दै जानुपर्नेमा दुःखको कुरा त्यसो हुन नसक्दा आधुनिकताको नाममा विचलन भित्रिँदै छ।**

# भ्रष्टाचारः देशको काउसो


स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com


**भ्रष्टाचार नियन्त्रणका लागि राज्यले दुई संवैधानिक आयोगका साथै धेरै कार्यालय स्थापना गरेको छ। राजनीतिक र प्रशासनिक हस्तक्षेपबाट मुक्त गरेर यिनीहरूको कामलाई प्रभावकारी बनाएर भ्रष्टाचार नियन्त्रण गरी सुशासन स्थापित गराउनुको विकल्प छैन।**

भ्रष्टाचार भनेको व्यक्तिगत लाभको लागि शक्ति वा पदको दुरुपयोग हो, सामान्यतया नैतिक मापदण्ड, कानूनी नियमहरूको पालना नगरी वा व्यक्तिगत भलाइको लागि राज्यकोषको दुरुपयोग गरी गरिने खर्च भन्ने बुझिन्छ । यसमा प्रायः घूसखोरी, अपचलन, जालसाजी वा पक्षपात जस्ता बेइमानीपूर्ण कार्यहरू समावेश हुन्छन्। भ्रष्टाचारले सरकार, व्यवसाय र संस्थाहरूलगायत विभिन्न क्षेत्रहरूमा हुन सक्छ र समाजमा विश्वास, दक्षता र निष्पक्षतामाथि प्रश्नचिह्न खडा गरिदिन्छ। भ्रष्टाचार साना र ठूला दुवै तहमा हुन सक्छ, नैतिकताको सानो उल्लङ्घनदेखि व्यापक संस्थागत भ्रष्टाचारसम्म।

भ्रष्टाचार न्यूनीकरणका लागि संस्कार र आचरणमा सुधारः

भ्रष्टाचार निवारण गरी सुशासन स्थापित गर्न संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महालेखापरीक्षकको कार्यालय छन् । सरकारको मातहतमा राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, राष्ट्रिय अनुसन्धान विभाग, सार्वजनिक खरीद अनुगमन कार्यालयलगायत छन्, तर भ्रष्टाचार सूचकाङ्कमा विगतका दशकभरि नै अवस्था उस्तै छ । अति भ्रष्टाचार हुने देशको सूचीमा नेपाल पर्छ। हरेक वर्ष ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक गर्ने भ्रष्टाचार नियन्त्रण र सुशासनको सूचीमा नेपाल १८० मुलुकमध्ये १०८औं स्थानमा छ। भद्रगोल वातावरण, सङ्क्रमणकालीन अवस्था र राजनीतिक अस्थिरता वास्तवमैं भ्रष्टाचारको निमित्त उर्वर समय बन्दै आएको छ।

पूँजीवादी संसदीय व्यवस्थामा संसद्को सर्वोच्चता सबैभन्दा महिमा गान हुने विषय हो, किनभने त्यसैमार्फत आमजनताको अभिमत प्रकट हुने मानिन्छ। पूँजीवादी संसदीय राजनीतिमा भन्ने चलन पनि छ । नीति मिचेर भ्रष्टाचार गर्ने बदनाम हुन्छ, तर नीतिगत भ्रष्टाचार गर्ने व्यक्ति सफल राजनीतिज्ञ बन्छ। यस कारण भ्रष्टाचारको केन्द्रबिन्दु मन्त्रिमण्डल हो । सरकारले कतिपय भ्रष्टाचार आफ्नो योजनामा बिचौलिया र कर्मचारीमार्फत पनि गर्ने गरेको पाइएको छ। ठूला भ्रष्टाचारमा लिने र दिनेबीच ठूलै परिमाणमा फाइदाको कारोबार हुन्छ। त्यसका निम्ति उद्योगी, व्यापारी, कर्मचारीतन्त्र र राजनीतिक तहलाई बिचौलियाले स्वार्थका निम्ति एकै ठाउँमा ल्याउने गर्छन्। बिचौलियाले कर निर्धारण, न्याय निरूपण, सेवा र वस्तुको विनिमय, कानून कार्यान्वयन, भौतिक पूर्वाधार र ऊर्जा उत्पादनजस्ता क्षेत्रमा निशाना बनाइरहेका हुन्छन्। वाइडबडी, बालुवाटार जग्गा, पतञ्जलि, गिरीबन्धु, भुटानी शरणार्थी प्रकरण, नारायणहिटी जग्गा प्रकरणदेखि गोकर्ण फरेस्ट लिज प्रकरणसम्म यसका ज्वलन्त उदाहरण हुन् । जसलाई नीतिगत निर्णयको आवरणमा मन्त्रिपरिषद्ले पास गरेर अर्बौंको भ्रष्टाचार गरियो । आयात र निर्यातमा एकाधिकार सिर्जना, आकर्षक र बहुमूल्य जमीनको स्वामित्व विसर्जन, सार्वजनिक तथा सरकारी संस्थानको निजीकरण, महत्त्वपूर्ण राजनीतिक नियुक्ति र सीमित प्रतिस्पर्धामा गरिने व्यावसायिक गतिविधि भ्रष्टाचारका थप उदाहरण हुन्।

२०६२/६३ को जनआन्दोलन त्यसमा पनि संविधान बनेपछि सुशासन र भ्रष्टाचार नियन्त्रणमा मुलुकले फड्को मार्छ भन्ने जनअपेक्षा थियो। तर त्यस अनुसार काम हुन सकेन । उल्टो भ्रष्टाचारका ठूला काण्ड बाहिर आए। अझ मुलुकमा नीतिगत भ्रष्टाचार बढ्न थाल्यो । विभाग, मन्त्रालय, मन्त्री स्तरबाटै हुने काम मन्त्रिपरिषद्मा लगेर निर्णय गराउन थालियो। यसो गर्नुको मुख्य कारण भनेकै अख्तियारले सक्दैन भन्ने हो। अख्तियारबाट बच्ने प्रपञ्चस्वरूप नै ललिता निवास जग्गा प्रकरणजस्ता विषयलाई मन्त्रिपरिषद्मा लगेर निर्णय गराउने काम भयो । राजनीतिक नेतृत्वमा हुनेहरूले आफू जोगिएर कैयौं भ्रष्टाचार हुने गरेको छ। एउटा नेताको अघि पछि गर्ने सहयोगीको जीवनशैली एउटा दक्ष, नैतिकवान् र कर्मठ कर्मचारीको भन्दा उच्च हुनु त्यसैको उपज हो। कमाउनु नै जीवनको अभीष्ट ठान्ने र त्यसका लागि जीवनका हरेक मूल्यको लिलामी गर्न तयार हुनु यही द्रव्य–लालसा हो र त्यो नै भ्रष्टाचारको कारक तत्त्व हो।

नेपालको वर्तमान राजनीतिबाट शासनसत्तामा गएका नेताहरूको आचरण सदाचारी भएको पाइएको छैन। किनभने सरकारमा बसेकाहरूले राज्यका अङ्गहरूमा दलीय भागबन्डाका आधारमा नियुक्ति गर्नाले यी अङ्गहरू बलिया हुन सकेनन् । फलस्वरूप देशमा भ्रष्टाचार रोकिन सकेन, छिटोछरितो र पारदर्शी तवरबाट न्याय प्राप्त हुन सकेन, राज्यले दिने सेवा सहज हुन सकेन, भ्रष्टाचारहरू नीतिगत हुन थाले, भ्रष्टाचार नीतिगत तहमैं प्रतिस्पर्धी तवरले हुन थाल्यो। हुँदाहुँदा नेपाल त विश्वमैं भ्रष्ट देशको पङ्क्तिमा अङ्कित हुन पुग्यो। यसले गर्दा विश्वको दृष्टिमा नेपाल उपर विश्वास घट्न पुग्यो। सदाचारिताको क्षेत्रमा नीतिगत तह र राजनीतिक वृत्तको हालत यस्तो छ भने सेवाप्रदायकहरू जो जनताको नजीक रहेर काम गर्छन्, तिनीहरूमा पनि सदाचारिता गिर्दो अवस्थामा देखिएको छ । यसरी देशमा सदाचारिता निरीह भएको अवस्था छ।

पद प्राप्त गर्न जुनसुकै हतकण्डा अपनाउने र आफ्नै चरित्रको समेत लिलामी गर्नसमेत पछि नपर्ने निर्लज्ज पात्रहरूबाट देश र समाजले कहिलेसम्म आस गरिराख्ने ? ती पात्रहरूले देश र समाजलाई निरन्तर दिग्भ्रमित पारिरहने कुरामा कुनै शङ्का छ र ? व्यक्ति र संस्थाहरूलाई आफ्नो स्वार्थ अनुसार उपयोग गर्ने र व्यवस्थाका कमजोरी र पत्रहरूका अन्तरविरोधमा खेलेर आफ्नो दुनो सोझ्याउने निर्लज्ज प्रवृत्तिले हाम्रो समाजमा गलत संस्कारको बीजारोपण र पृष्ठपोषण भइरहेको छ । राम्रो आचरण, असल चालचलन र सकारात्मक व्यवहार सदाचार हो । सुशासनको एक महत्त्वपूर्ण खम्बा भनेको सदाचारलाई लिन सकिन्छ । सदाचार भनेको नीति, नियम र व्यवहारप्रति उच्च सतर्क रही कार्य गर्ने सुविचार, उत्तम आचरण, स्वच्छता, निष्पक्षता एवं इमानदारिता हो । सदाचार सैद्धान्तिक विषय नभएर यो आत्मानुभूतिको आन्तरिक आत्मानुशासनसम्बन्धी विज्ञान हो। व्यवहार, गति, मति र चरित्र बिग्रनु भ्रष्टाचार हो। सामान्यतः सत्ता, अधिकार र शक्ति रहेको व्यक्तिबाट भ्रष्टाचार भएको पाइन्छ । नैतिकता भनेको सुविचार, असल वा उत्तम आचरण, असल व्यवहार, स्वच्छता, निष्पक्षता, इमानदारी एवं सकारात्मक सोच हो । नैतिक मूल्य–मान्यता, आदर्श र सिद्धान्तविपरीत गरिने नकारात्मक व्यवहार भ्रष्टाचार हो। पतित आचरण, दूषित मर्यादा, नियम–कानूनविपरीत नैतिक पतन हुने काम गरी घूस खाई पक्षपातपूर्ण व्यवहार भ्रष्टाचार हो । सार्वजनिक क्षेत्रका पदाधिकारी र राजनीतिक वा सरकारी अधिकृतले आफूलाई सुम्पिएको अधिकार, अख्तियारी र शक्तिको दुरुपयोग गरी कुनै व्यक्ति वा सम्बद्ध व्यक्तिहरूको निजी फाइदाका लागि गरिने व्यवहार भ्रष्टाचार हो।

भ्रष्टाचार भन्नाले निजी फाइदाका लागि सार्वजनिक शक्तिको दुरुपयोग हो। सार्वजनिक पद धारण गर्ने पदाधिकारीले आफ्नो पद, शक्ति र अधिकार सार्वजनिक सरोकारका गतिविधिमा नलगाइ व्यक्तिगत स्वार्थपूर्तिका लागि प्रयोग गर्नु भ्रष्टाचार हो । भ्रष्टाचारले व्यक्ति, परिवार र समग्रमा राष्ट्रलाई नै खोक्रो पार्छ । भ्रष्टाचारले सामाजिक जीवनपद्धतिमा प्रतिकूल प्रभाव पार्छ । नेपालमा भ्रष्टाचार नियन्त्रण र सुशासनको स्थिति निरन्तर नाजुक देखिन्छ। नैतिकता र सदाचार स्खलित भएको वर्तमान युगमा विश्वका मानिस भ्रष्टाचारबाट मुक्त हुन खोजिरहे तापनि भ्रष्टाचार ज्यामितीयरूपमा विश्वव्यापी फैलिंदो छ। लोकतन्त्र, शान्ति, सुशासन, अनुशासन र समृद्धिको आधारभूमि सदाचार हो। सामाजिक, आर्थिक एवं राजनीतिक क्षेत्रमा सदाचारले सर्वोच्च स्थान ओगटेको हुन्छ । लोकतान्त्रिक शासन व्यवस्थाको संस्थागत विकासका लागि सुशासन अनिवार्य शर्त हो । लोकतन्त्रको बहालीपछि लोकतान्त्रिक संस्था र प्रशासनिक संयन्त्रमा सक्षमता र इमानदारिता देखिनुपर्थ्यो, तर यी दुई पक्ष साथसाथ गएनन्।

प्रशासन र राजनीतिको लय मिलेन पनि भनियो, राजनीतिले नीति–ज्ञानको पहिचान गर्न सकेन न संयन्त्रमाथि विश्वास गऱ्यो । संस्था निर्माणका संस्थात्मक मूल्यलाई भत्काउन पुग्यो । प्रशासनिक संयन्त्रमा तुलनात्मकरूपमा क्षमता भित्रियो, तर संस्थागत भने गरिएन । प्रशासनिक पदाधिकारीमाथि जिम्मेवारी विनियोजन गर्दा उपयुक्त व्यक्तिलाई उपयुक्त जिम्मेवारी दिनुपर्छ भन्ने मान्यता नै राखिएन । क्षमताविना जिम्मेवारी दिने र लिने प्रवृत्ति देखियो, जसले प्रशासनिक सौदाबाजी भित्र्यायो । यस अवस्थामा संस्थाहरूप्रतिको विश्वास स्खलित हुनु स्वाभाविक थियो, पात्रहरूमा नैतिक साहस गिर्नु स्वाभाविक थियो । नीति प्रक्रियामा रहेका पात्रहरूको नीतिप्रति अपनत्वविना नीति बन्नुपर्छ भन्ने औपचारिकरूपमा नीति घोषणा भए, कार्यसूची तहदेखि कार्यान्वयनसम्मका चरणहरूमा विश्लेषण सामर्थ्य देखिएन। कतिपय नीति त घोषणा भएपछि मात्र सरोकारवालाले थाहा पाए । धेरै नीति बने, नीति इन्फ्लेशन नै भयो तर नीति लाभले नीतिग्राहीलाई चिनेन । बन्नैपर्ने नीति चाहिं बनेनन्, बनेको भएपनि के हुन्थ्यो र भन्ने नीति नैराश्यतामा सर्वसाधारण छन्।

नीति व्यवस्थापनमा व्यावसायिक नैतिकता नभित्रिएसम्म समाज नीतिगत अवसरबाट वञ्चित भइरहन्छ । राज्य व्यवस्थामा रहेका सीमित स्रोत र अवसर विनियोजनमा न्याय हुँदैन। नीति प्रक्रियाले नैतिक धरातल गुमाएपछि पात्रहरूमा आशा, उत्साह र स्वच्छता देखिंदैन, बेथिति संस्थागत हुन पुग्छ । नीति संरचनाहरू जीवन्त होइन औपचारिक देखिन पुग्छन्। परिणाम निर्मूल गर्नुपर्ने असमानता, विभेद र अन्याय बाँकी रही समृद्धि र रूपान्तरणको यात्रा अवरुद्ध हुन्छ । नागरिक गर्व स्थापना हुँदैन र आउने पुस्ताले यस पुस्तालाई नैतिक अपराधी भन्न सक्ने अवस्था रहन्छ । लोकतन्त्रविनाको सुशासन र सुशासनविनाको लोकतन्त्र फस्टाउन सक्दैन। देशको शासन व्यवस्था सक्षम, प्रभावकारी र सफल हुन सार्वजनिक प्रशासनमा नैतिकता, समर्पणभाव, पारदर्शिता, अधिकार प्रत्यायोजन, उत्तरदायित्व, स्वच्छता, जवाफदेही र आर्थिक सदाचार रहनुपर्छ।

सुशासनको एउटा महत्त्वपूर्ण अङ्गको रूपमा सदाचारलाई लिइएको छ । लोकतन्त्रमा सबैभन्दा संवेदनशील तत्त्व पारदर्शिता र आर्थिक सदाचार हो । सार्वजनिक निकायमा निर्वाचित, नियुक्त वा मनोनयन हुने व्यक्तिमा सेवाभाव र त्यागको आवश्यकता पर्छ। सदाचार र नैतिकतारूपी धर्मलाई रक्षा गरिए मात्र धर्मले रक्षा गर्छ भन्ने पौरस्त्य दर्शनमा विवेचना गरिएको छ। नागरिक भनेको राष्ट्रका सबै शक्ति र साधनस्रोतको मालिक भएकोले प्रत्येक नागरिकलाई साधनस्रोतको प्रयोग वा दुरुपयोगका बारेमा सोध्न पाउने निरपेक्ष अधिकार हुन्छ । सार्वजनिक उत्तरदायित्वलाई सुशासनको मुटु मानिन्छ। भ्रष्टाचार कम हुन नसक्नु र सुशासन स्थापित नहुनुमा राजनीतिक नेतृत्व, कर्मचारी प्रशासन मात्रै जिम्मेवार छैन।

आममनोवृत्ति, सोचले भ्रष्टाचारलाई प्रश्रय दिइरहेको छ। भ्रष्टाचार समाजका गन्यमान्य, अधिकारप्राप्त, जिम्मेवार ठाउँमा बसेका व्यक्तिबाटै हुने गर्छ, त्यसको शिकार आमजनता हुने गर्छ। भ्रष्टाचार सरुवा रोगजस्तै फैलिरहेको छ, जुन सङ्घ, प्रदेश हुँदै स्थानीय तहसम्म नै पुगेको छ । वडास्तरमा ठूलो मात्रामा बजेट र कार्यक्रम जान थालेपछि भ्रष्टाचार, अनियमितता त्यहाँसम्म पनि पुगेको छ । स्थानीयस्तरमा विकास निर्माणका लागि बनाइएका उपभोक्ता समितिमा अनियमितता हुने गरेको छ। नेपालमा भ्रष्टाचार नियन्त्रण र सुशासनका कुरा गर्ने नेता, प्रशासकहरू नै भ्रष्टाचारमा चुर्लुम्मै डुबेका छन्।

भ्रष्टाचार नियन्त्रणका लागि राज्यले दुई संवैधानिक आयोगका साथै धेरै कार्यालय स्थापना गरेको छ। राजनीतिक र प्रशासनिक हस्तक्षेपबाट मुक्त गरेर यिनीहरूको कामलाई प्रभावकारी बनाएर भ्रष्टाचार नियन्त्रण गरी सुशासन स्थापित गराउनुको विकल्प छैन । समयमैं यो काम नभएमा जनतामा अझ निराशा, वितृष्णा पैदा भएर राज्यप्रति नै नकारात्मक सन्देश बढ्दै जानेछ। यसतर्फ राज्य गम्भीर हुनुपर्छ। कहिल्यै तृप्त नहुने पदलोलुपता र द्रव्य लालसाको मूल्य सम्पूर्ण राष्ट्र र जनताले चुकाउनुपरेको यथार्थ आफ्नो सामु हुँदासमेत निर्लज्जरूपमा स्रोत र शक्तिको प्राप्ति र दुरुपयोगमा लिप्त रहने पात्रहरूबाट राष्ट्रले युगसापेक्ष गति र उपलब्धि हासिल गर्न सक्दैन । एकातिर निर्वाचन यस्ता पात्रहरूलाई आफ्नो मतद्वारा दण्डित गर्ने उपयुक्त अवसर हो भने अर्कोतिर विगतमा मतदातामा त्यस्तो सुझबुझ नदेखिएकाले यी र यस्तै खालका प्रवृत्तिसँग शिक्षाको नाता खोज्नु मनासिब मात्र नभएर अपरिहार्य देखिएको छ।

अहिलेको यो उच्च चेतनाको युगमा समेत भ्रष्टहरूले निर्ममरूपमा मातृभूमिको दोहन गरिरहेको पीडादायी वास्तविकताको निरीह साक्षी बन्ने अवस्था साँच्चै विडम्बनापूर्ण छ। उनै भ्रष्टहरूलाई नियमितरूपमा निर्वाचित र अनुमोदित गर्दै आफ्नो र आफ्ना सन्ततिको भाग्यको रेखाङ्कन गर्ने जिम्मा सुम्पनुपर्ने अवस्था दयनीय छ । यो दयनीय अवस्थाबीच भ्रष्टाचारको विषाक्त संस्कृति मौलाउँदै जाँदा देश अनियमितता, पछौटेपन र विकराल निराशाको चङ्गुलमा फसिरहनेछ

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४८

# दशैं बजार : वारि सुनसान, पारि भीडभाड

वीरगंज (पर्सा), २१ असोज/रासस

नवरात्र शुरू भएसँगै वीरगंजको सीमावर्ती बजार रक्सौलमा चहलपहल



आदर्शनगरमा छुटका साथ सेलमा राख्दा पनि ग्राहकको प्रतीक्षा गर्दै । तस्वीरः प्रतीक

बढेको छ । वीरगंज आसपासका सर्वसाधारण दशैंको किनमेल गर्न गएसँगै त्यहाँको बजारमा चलपहल बढेको छ । तर स्वदेशी बजार वीरगंज भने



किनमेलमा सुनसानजस्तै देखिन्छ ।

सडक र फूटपाथमा फलफूल, जेरी र बच्चाका खेलौना बेच्ने मौसमी व्यापारीको भीडभाड देखिए पनि अन्य 'सपिङ सेन्टर'हरू सुनसानजस्तै देखिन्छन् । वीरगंज महानगरपालिका–९ घण्टाघरका मुन्ना ठाकुर वीरगंजमा भन्दा रक्सौल बजारमा २० देखि ३० प्रतिशत खाद्यान्न र लत्ताकपडा सस्तो हुने भएकाले प्रायःजसो सबै उतै खरीद गर्न जाने बताउँछन् ।

"वीरगंजमा भन्दा रक्सौलमा खाद्यान्नदेखि लत्ताकपडा सस्तो हुने भएकाले उतै जाने गर्छौं, यहाँ त गाह्रोसारो परेका बेला मात्र हो किनमेल गर्ने," उनले भने । वीरगंजमा भन्दा सीमावर्ती बजार रक्सौलमा खाद्यान्न र लत्ताकपडालगायत सामान सस्तो मूल्यमा पाइने भएकाले पनि यहाँको बजारमा खासै चहलपहल देखिन्न ।

नेपाल उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य सुबोधकुमार गुप्ता चाडपर्वका बेलामा पनि वीरगंज सीमावर्ती भारतीय बजार रक्सौलमा नै भीडभाड हुने बताउँछन् । "यहाँका अधिकांश सर्वसाधारण खाद्यान्न र लत्ताकपडालगायत सामान खरीद गर्न रक्सौल जाने गर्छन्," उनले भने, "वीरगंजमा भन्दा सस्तो मूल्यमा पाइने भएकाले पनि रक्सोल सधैं गुल्जार भइरहने, वीरगंज भने सुनसानजस्तै हुने परिपाटीको विकास हुँदै भइरहेको छ।"

केन्द्रीय सदस्य गुप्ता सरकारले भारतबाट आयातीत वस्तुमा अत्यधिक मात्रामा कर लगाउँदा पनि अवैध ढङ्गले चोरी, तस्करी गरेर सामान भित्रिने प्रवृत्ति बढेको बताउँछन् । "खुला सीमाको कारणले एकातर्फ क्यारिङ गरेर भन्सार छली गरेर सामान भित्र्याउने प्रवृत्ति पनि रोकिएको छैन । अर्कोतर्फ सीमावर्ती बजारबाट सर्वसाधारणले दैनिक उपभोग्य सामान पनि खरीद गर्दै आइरहेका छन्," उनले भने, "सरकारले भन्सार महसूलदर सीमावर्ती बजारभन्दा १०–१५ प्रतिशत मात्र फरक गराउने हो भने अवैधरूपमा भित्रिने वस्तु तथा सामानको आयात रोक्न सकिन्थ्यो ।"

वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछाने सीमावर्ती क्षेत्रका सर्वसाधारणलाई दैनिक उपभोग्य वस्तु तथा सामानबाहेक अन्य वस्तु तथा सामान ल्याउन कडाइ गर्दै आइरहेको दाबी गरे । "पहिलाभन्दा अहिले धेरै सुधार भइसकेको छ," उनले भने, "पछिल्लो डेढ महीनामा क्यारिङबाट सामान ओसारपसार गर्नेमा कमी आएको छ ।"

वीरगंज भन्सार कार्यालयका अनुसार चालू आर्थिक वर्षको असोज १५ गतेसम्मको अवधिमा रु ४३ अर्ब ७० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकामा सो अवधिसम्म कुल लक्ष्यको ७४ दशमलव ४७ प्रतिशत अर्थात् रु ३२ अर्ब ५४ करोड ५५ लाख राजस्व सङ्कलन भइसकेको छ । असोजभरिमा रु १७ अर्ब ४२ करोड लक्ष्य राखिएकामा असोज १५ गतेसम्मको अवधिमा भने रु छ अर्ब ९५ करोड राजस्व सङ्कलन भइसकेको छ ।

भन्सार विभागले सुक्खा बन्दरगाह भन्सार कार्यालयलाई असोजका लागि मात्र रु चार अर्ब ८३ करोड २० लाख ४८ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ । तर असोजका १५ दिनका अवधिमा मासिक लक्ष्यको ४८ प्रतिशत राजस्व सङ्कलन गरिसकेको छ । सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले दशैंमा विदेशी मदिराजन्य पदार्थको आयात भएसँगै राजस्व सङ्कलन उत्साहजनक रहेको बताए ।



बकुल्लाको बथानः दाङको तुलसिपुर उपमहानगरपालिका–५ स्थित बसपार्क आसपास क्षेत्रमा उडिरहेका बकुल्लाको बथान । तस्बिरः कुलदीप न्यौपाने/रासस

# मधेसमा छ हजारभन्दा बढी प्रहरी परिचालन

महोत्तरी, २० असोज/रासस

चाडपर्वलाई सुरक्षित बनाउनका लागि मधेसमा पर्वलक्षित सुरक्षा योजनामा छ हजारभन्दा बढी प्रहरी जनशक्ति परिचालन गरिने भएको छ ।

दशैं, दीपावली (तिहार) र छठ पर्वसम्मको सुरक्षा योजना बनाएको नेपाल प्रहरीको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामले यस अवधिमा छ हजारभन्दा बढी प्रहरी जनशक्ति परिचालन हुने जनाएको हो ।

चाडपर्वमा भीडभाड बढ्ने र मान्छेको व्यस्तताबीच चोरीतस्करी, सडकमा हुने सवारीको चाप, मठमन्दिरमा हुने भीड, कालोबजारी, जुवातास, पकेटमारी र मूर्ति विसर्जनलगायत क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको मधेस प्रहरी कार्यालयका प्रमुख तथा नायब प्रहरी महानिरीक्षक लीलामणि आचार्यको भनाइ छ ।

यसैगरी, सुरक्षा योजनामा मेला उत्सव, सरकारी कार्यालय, बैंकहरूमा हुने भीड, यातायात सुरक्षा, लागू पदार्थ दुर्व्यसन तथा ओसारपसार तथा सांस्कृतिक कार्यक्रममा हुन सक्ने झडपसहितका क्षेत्र मधेस प्रहरीले चुनौतीका रूपमा पहिचान गरेको छ ।

मधेस प्रहरी कार्यालयले चाडपर्व लक्षित गर्दै बनाएको योजना यही असोज १५ गतेदेखि शुरू भइसकेको छ । यो योजना छठ पर्वपछि कात्तिक २५ गतेसम्म रहने नायब प्रहरी महानिरीक्षक आचार्यले स्पष्ट पारे ।

प्रदेशका आठवटै जिल्लामा पहिले कार्यरत जनशक्तिमा प्रतिजिल्ला एक हजार चार सय प्रहरी थपिएको मधेस प्रहरी कार्यालयले जनाएको छ । यसरी खटिने प्रहरीको सङ्ख्या छ हजार ३९४ हुने जनाइएको छ ।

# 'तीर्थाटन पर्यटन' कीर्तिमानी खनाललाई 'एशिया बूक अफ रेकर्ड्स'

काठमाडौं, २१ असोज/रासस

दक्षिण एशिया र चीनका गरी ४५० तीर्थस्थल एक वर्षभित्र भ्रमण–दर्शन गरेका नेपालका शान्तिमैत्री अभियानकर्मी प्रदीप खनाललाई 'एशिया बूक अफ रेकर्ड्स'ले सम्मान गरेको छ । संस्थाले 'तीर्थाटन पर्यटन'मा कीर्तिमान राखेबापत अन्तर्राष्ट्रियमैत्री समाज नेपालका अध्यक्ष खनाललाई यही असोज १६–१७ गते आयोजित 'इन्टरनेशनल कन्भोकेशन–२०२४'मा ट्रफी र सम्मानपत्र प्रदान गरेको छ ।

भारतका पूर्वसङ्घीयमन्त्री अश्विनी चौबेले नेपाल, भारत, भियतनामलगायत एशियाका विभिन्न विधाका १५ कीर्तिमानीका साथ खनाललाई सो सम्मान गरेका थिए । सोही अवसरमा 'इन्डिया बूक अफ रेकर्ड्स'ले पनि 'बुद्ध इन्टरनेशनल ट्रस्ट' बेलायतका दुई संस्थापकमध्येका एक खनाललाई भारतलगायत एशिया आदिका सय कीर्तिमानीसँगै 'हन्ड्रेड टप रेकर्ड्स अफ दी इयर' सम्मान दियो ।

डा एपिजे अब्दुल कलाम फाउन्डेशन, कोलकाताका अन्तर्राष्ट्रिय सल्लाहकार खनालले विसं २०८० असारदेखि २०८१ असारसम्म गरी भारतका महाराष्ट्र, सिरडीकी विनीता लेप्चा र मध्यप्रदेश, इन्दौरका मद्रेस भागवतका साथ नेपाल, भारत, बङ्लादेश, पाकिस्तान, श्रीलङ्का र तिब्बत, चीनका चार धाम, चार आदिशक्तिपीठ, १८ महाशक्तिपीठ, ५२ शक्तिपीठ, १०८ सिद्धपीठ, सप्तपुरी, सिखधर्मका ११ वटा गुरुद्वारा र बौद्धधर्मका १३ वटा तीर्थस्थल भ्रमण, दर्शन, पूजापाठ गरेका थिए ।

साथै उनले तिब्बतको कैलाश मानसरोवरदेखि भारतका तामिलनाडुका तीन सागरको सङ्गमस्थल कन्याकुमारी, अरुणाचलको परशुराम कुण्ड तथा पाकिस्तान, बलुचिस्तानस्थित हिङ्गलाज माता मन्दिरको अनिल कुण्डलगायत २३ कुण्ड, तलाउ, नदी र नदीका मुहानमा डुबुल्की पनि लगाएका थिए ।

भारतका पूर्वमन्त्री चौबेले करीब ५०० तीर्थस्थलको दर्शन गर्ने खनालगायतलाई सम्मान गर्न पाएकामा आफू गौरवान्वित भएको बताए । "मैले आफूले कुनै कीर्तिमान राख्नका लागि नभई विश्व शान्ति, मैत्री र सद्भाव कायम होस् भन्ने पवित्र कामना गरी यो भ्रमण गरेको हुँ, काम गर्दै जाँदा कीर्तिमान आफैं कायम हुँदै जाँदो रहेछ, यो सम्मान सबै शान्तिकामी नेपालीको पनि हो," कामपा–१४ कलङ्कीका खनालले भने ।

आफ्नो सफल तीर्थाटनपछि तीर्थयात्री खनालले नेपालका सभामुख, पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायाधीश, पशुपतिनाथ मन्दिरका मूलभट्ट, विभिन्न दलका नेता, पूर्वमन्त्री, सञ्चारकर्मी तथा भारतका पूर्वप्रधानमन्त्री एचडी देवेगौडा, गोवर्द्धन पीठका जगत्गुरु शङ्कराचार्य अध्योक्षानन्दलगायतलाई भेटी जलप्रसाद वितरण गरिसकेका छन् ।





**बिक्रीका लागि कागती ग्रेडिङः** रूकुम पश्चिमको त्रिवेणी गाउँपालिका–१ स्थित रूघाको बल्ले गाउँमा खरीद गरिएको कागती बिक्रीका लागि ग्रेडिङ गर्दै सिम्रुतका ठेकेदार डिलेन्द्र खड्का । बल्ले गाउँबाट एक सिजनमा १०० क्वीन्टलभन्दा बढी कागती जिल्लाबाहिर निकासी हुने गर्छ । सिम्रुतमा कागतीको थोक मूल्य प्रतिकिलो रु ७० रहेको । तस्बिरः कुलदीप न्यौपाने/रासस

# दशैं उदात्त संस्कृतिको विराट आयाम

विचार



डा शोभाकर पराजुली

**दशैंको सांस्कृतिक पक्ष अर्थात् यो पर्वमा हुने पूजाआजा त्यही मान्यताका आधारशीला हुन् । हिन्दूकुश हिमालय पर्वतको काखमा अवस्थित नेपाल राज्य स्थापनाका आफ्नै वैदिक अनि परम्परागत मान्यता छन् ।**

वसन्त–शरदावेव सर्वनाश करावुभौ। तस्मात तत्र प्रकतम्बम् चण्डिका पूजनम् बुधैः ॥

वर्षा सकिएर हाम्रो माटो ओभाउन थालेसँगै यतिबेला नेपालीका घरआँगनमा दशैंको उल्लास छरिइसकेको छ। मौसम नै एक प्रकारले दशैंको भावमा सुगन्धित हुन थालेको छ। देशको सबैभन्दा ठूलो यो पर्वले फेरि एकपटक सम्पूर्ण नेपालीलाई एउटा आत्मीयताको मालामा गाँसेको आभाष छाएको छ।

वसन्त अनि वर्षा ऋतु र शारदीय मौसमको आरम्भसँगै एउटा भव्य सांस्कृतिक सुगन्ध छाउँछ दशैंको। यो श्लोकमा दशैंको सांस्कृतिक, प्राकृतिक अनि मानवीय संस्कारको एउटा आदिम साइनो गाँसिएको छ। यसको अर्थ हुन्छ, वसन्त अनि वर्षायामसँगै शारदीय मौसम शुरू भएसँगै चण्डीपाठ गर्दा त्यो बीचमा भएका अनि आउँदा सङ्कट पनि सबै नाश भएर जान्छन् भन्ने मान्यता हो।

दशैंको सांस्कृतिक पक्ष अर्थात् यो पर्वमा हुने पूजाआजा त्यही मान्यताका आधारशीला हुन् । हिन्दूकुश हिमालय पर्वतको काखमा अवस्थित नेपाल राज्य स्थापनाका आफ्नै वैदिक अनि परम्परागत मान्यता छन् । उसै पनि आध्यात्मिक पवित्र भूमिका रूपमा चिनिने नेपाल राज्यमा सनातनदेखि नै दशैंको परम्परा शुरू भएको देखिन्छ। नेपालको इतिहासमा लिच्छविकालको सुरुआतदेखि नै यस्ता वैदिक सनातन संस्कार प्रचलनमा आएको देखिन्छ। यहाँको आदिमानव सभ्यतामा वैष्णव, शैव, शात्तलगायत धर्ममा गरिने देवीको पूजाआजाको धार्मिक परम्परा नै दशैंका रूपमा स्थापित हुँदै गएको पाइन्छ।

यद्यपि यसका अनेक किंवदन्ती छन्। यसका वैदिक अनि धार्मिक मान्यता छन् र यसका आआफ्नै मौलिकता छन्। धर्म अनि परम्पराबाट अलि परबाट हामीले यसलाई महसूस गर्‍यौं भने दशैं एउटा सामाजिक उत्सव पनि हो। जहाँ नेपाली समाजको विविधताबीच एकता पनि झल्किन्छ। अनेक विविधताले भरिएको नेपालमा हरेक पर्व मनाउने सबैका आआफ्नै तरीका छन्। संस्कार अनि परम्परा छन्। तथापि हरेक पर्व अनि उत्सवहरूले दिने सन्देशमा भने तात्त्विक अन्तर देखिन्छ।

अर्थात् हरेक पर्वले सामाजिक र सांस्कृतिकसँगै एउटा मानवीय सन्देश पनि दिइरहेका हुन्छन्। जो अन्ततः मानव जाति र प्रकृतिको चक्रसँग गाँसिएको हुन्छ। दशैं पनि त्यस्तै हो। दशैं मान्ने तरीका फरक छन्, कसैले टीका लगाउँछन्, कसैले रातो लगाउँछन् त कसैले सेता, कसैले कालो। कसैले मासु खान्छन्, कसैले खाँदैनन्। कसैले कस्तो भेष धारण गर्छन्, कसैले कस्तो। जसले जे नाम वा जसरी मनाए पनि दशैंको महिमा अनि महत्त्व पनि एउटै हो। यो मानव जाति र प्रकृतिको अन्य सम्बन्ध र पारस्परिक परिचक्रसँग जोडिएको छ। यसको अन्तिम लक्ष्य भनेको मान्छे र प्रकृतिको आदिम साइनो पनि हो, जसको चक्रमा यो सिङ्गो ब्रह्माण्डको अस्तित्व अनादिकालदेखि नै रहिआएको छ।

धार्मिक किंवदन्ती अनुसार देवीले दैत्यहरूको नाश वा वध गरेपछि त्यसलाई उत्सवका रूपमा मनाउने क्रममा दशैं स्थापित भएको मानिन्छ। त्यसैलाई विजयादशमी पनि भन्ने गरिन्छ। अनि कतिपय शास्त्रमा रामले देवीको पूजा गरेपछि रावणमाथि विजय प्राप्त गरेका मान्यताहरू स्थापित छन्।

हिन्दू परम्परामा मानिंदै आएका कोटिकोटि देवीदेवता वा भगवान्‌मध्ये दशैंमा खासगरी शक्तिपीठ अर्थात् देवीहरूको पूजा हुन्छ। त्यो भनेको दशैं असत्यमाथि सत्यको विजयोत्सवका रूपमा पनि लिइन्छ। यस अर्थमा दशैंलाई शक्ति उपासनाको पर्वका रूपमा लिन सकिन्छ। हिन्दू शास्त्रहरूमा यसका आआफ्नै विधि र प्रक्रिया छन्। जस्तो कि विजयादशमीका बेला हामीले लगाउने टीका, जमरा अनि आर्शीर्वादका पनि आफ्नै मान्यता र अर्थ छन्। यसका वैज्ञानिक व्याख्यातिर नजाने हो भने दशैंका यी सबै अवयवमा मानव सभ्यताका गहिरा अर्थहरू गाँसिएका छन्। जस्तो कि दशैंका बेला आफूभन्दा ठूला, मान्यजन अनि अग्रज आफन्त दशैंमा टीका लगाउँदा यसरी आशीर्वाद दिने चलन छ–

**आयु द्रोणसुते श्रेयं दशरथे शत्रुक्षेयं राघवे।**
**ऐश्वर्यं नहुषे गतिश्च पवने मानं च दुर्योधने॥**
**सौर्य शान्तनभे बलं हलधरे सत्यं च कुन्तीसुते।**
**विज्ञानं विदुरे भवतु भवतां कीर्तिश्च नारायणे॥**

यसमा अष्ठ चिरञ्जीवीको जस्तो दीर्घायु, राजा दशरथको जस्तो धन सम्पत्ति, रामचन्द्रको जस्तो शत्रु नाश गर्ने शक्ति, भीष्मका पराक्रम अनि कृष्णाका दाजु बलरामको शक्ति, युधिष्ठिरको सत्यवादिता, विदुरको ज्ञानविज्ञान अनि नारायणको अविनाश कीर्तिहरूको सन्देश गाँसिएको छ।

खासगरी पुरुषहरूलाई दिइने यस्तो आशीर्वादमा मात्रै धर्म वा किंवदन्ती छैनन्। बरु यसमा ज्ञानविज्ञानका कुरा पनि गाँसिएका छन्। यसरी दशैं र यसलाई मनाउने तरीका अनि परम्परामा विज्ञान पनि मिसिएको छ। हामीले दशैंका बेला अपनाउने कतिपय संस्कार वैज्ञानिक पनि छन्। यी अनुसन्धानले पनि प्रमाणित गरेका कुरा हुन्।

**जयन्ती मङ्गला काली भद्रकाली कपालिनी।**
**दुर्गा, क्षमा, शिवा, धात्री, स्वाहा, स्वधा नमोस्तुते॥**

महिलाका लागि टीका, जमरासँगै दिइने यो आशीर्वादको अझ गहिरो अर्थ लाग्छ। यो भनेको हाम्रा सृष्टिका हरेक नारीहरूको सम्मान हो। अर्थात् नारीलाई देवीशक्तिका रूपमा पूजा गर्ने हाम्रो सनातन परम्परा अनुसार नारीलाई देवीकै अवतारका रूपमा लिइन्छ। यसरी दशैंले मानव सभ्यता र यसको सृष्टिलाई धर्मका माध्यमद्वार बलियो गरी बाँधेको हुन्छ।

अर्को हिसाबबाट हेर्ने हो भने दशैंका सामाजिक अनि आर्थिकशास्त्र पनि छन्। वर्षायामभरि खेतीपाती सकेर यो समयमा हरेक किसानले आनन्दपूर्वक दशैं मनाउने गर्छन्। टाढाटाढा रहेका आफन्त अनि परिवारका सदस्यहरू एकै ठाउँमा भेला भएर खुशी र आत्मीयता साट्ने यो पर्वको आफ्नै सामाजिक मान्यता पनि छन्। यसबेला बजार पनि चलायमान हुन्छ। नयाँनयाँ सामान भित्र्याउने अनि किनमेलका लागि यो पर्वले राज्यको अर्थबजारलाई पनि गतिशील बनाइरहेको हुन्छ। तसर्थ दशैं आफैंमा धार्मिक पर्व त हो नै, त्यसका लागि सामाजिक अनि आर्थिक हिसाबले पनि दशैं एउटा परिवार, समाज मात्रै नभई सिङ्गो राष्ट्रका लागि पनि महत्त्वपूर्ण अवसर मानिन्छ। योसँगै शुरू हुने तिहार अनि छठपर्वले पनि एकअर्को समुदायलाई धार्मिक र आत्मिक गाथामा बाँधेको हुन्छ। यसबाट हाम्रो सनातन समाजको सहिष्णुता र मिलाप दर्शाउँछ। त्यसमा पनि नेपाल आफैंमा एउटा बहुधार्मिक अनि बहुसांस्कृतिक समाज मिलेर बनेको एउटा सार्वभौम र स्वायत्त राष्ट्र हो। त्यसैले पनि यहाँका परम्परा अनि संस्कृतिहरूको पहिचान विश्वमाझमैं अलग प्रकारको छ।

जेहोस् अनेक संस्कृतिले भरिपूर्ण हाम्रो देशमा यस्ता हरेक पर्वले सामाजिक सद्भाव, भ्रातृत्व अनि हरेक समुदाय र समाजलाई प्रेमिल बनाउन सघाइरहेका हुन्छन्। त्यसैले पनि नेपाली समाज आफैंमा सभ्यता र संस्कृतिको विराट् भूमि पनि हो। दशैं, तिहार र छठ पर्वको यो पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, उन्नति अनि समृद्धिको शुभकामना।

# ज्येष्ठ नागरिक लुटने चार भारतीय पक्राउ

प्रस, वीरगंज, २१ असोज/

जिल्ला प्रहरी कार्यालय बाराले ज्येष्ठ नागरिकको रकम लुटेको कसुरमा चारजना भारतीयलाई पक्राउ गरेको छ।

बारा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले असोज १ गते कलैया उपमहानगर–१ स्थित प्रभु बैंक अगाडीबाट दुईजना मोटरसाइकलमा र दुईजना पैदल आएका व्यक्तिले कउमन–१३ बलिरामपुर निवासी एकजना ज्येष्ठ नागरिकको ५० हजार रूपैया लुटेको बताए।

उक्त घटनाबारेमा छानविन गर्ने क्रममा थप मानिसहरूलाई लुटने योजना बनाइरहेको अवस्थामा पक्राउ परेका चारजना भारतीयबाट ज्येष्ठ नागरिक लुटिएका कुरा खुलेको जिप्रका बाराले जनाएको छ। पक्राउ पर्नेमा भारत विहारका सुरेश बानिया, शर्मा मुखिया, शैलेस तिवारी र रवि दास छन।

**मिश्रको ...**

सहजीकरणमा भएको कार्यक्रममा रौतहटको दुर्गाभगवती गाउँपालिकाका अध्यक्ष शम्भु सिंह, नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका पूर्वअध्यक्ष एवं उपन्यासकार गणेश लाठलगायत अथिति थिए।

समापन मन्तव्य व्यक्त गर्दै डा दासले नेपाल र भारतबीचको सम्बन्ध यी दुवै देश अस्तित्वमा नरहँदैदेखि कायम रहँदै आएको बताए। उनले प्राचीन भारतवर्षमा नेपाल र भारत देश नरहेको जिकिर गर्दै राजनीतिक सीमाङ्कनले दुईवटा देश बनेका नेपाल र भारतका जनताबीचको सम्बन्ध यी दुई देश बन्नुभन्दा पहिलेदेखि रहेको बताए।

१४६ पृष्ठको विमोचित कृति 'बहुआयामिक महत्त्वका द्विपक्षीय सम्बन्ध' मा विभिन्न ४६ वटा आलेख सङ्ग्रहित छन्। मिश्रका धेरैवटा आलेख प्रकाशित रहे पनि केहीलाई मात्रै पुस्तकाकार दिइएको हो। प्रतीकलगायत विभिन्न पत्रपत्रिकाहरूमा मिश्रले कलम चलाउँदै आएका छन्।



**माछा खोज्दै थारू महिला**: कैलालीको टीकापुरमा वर्षाको पानी जमेर तलाउ बनेको पानी सुक्दै गएपछि सो क्षेत्रमा माछा खोज्दै थारू महिला। थारू महिलाले वर्षाको समयमा माछा तथा घोंगीबाट मनग्ये आम्दानी गर्दै आएका छन्। तस्बिरः झलनाथ खनाल/रासस

## फरक समाचार

# चीनको स्पेससुटका विशेषताले दुनियाँ चकित

चीनले २०३० सम्ममा आफ्ना अन्तरिक्ष यात्रीलाई चन्द्रमामा उतार्ने योजना बनाएको छ। ड्रागनले आफ्नो चन्द्रमा मिशनको लागि नयाँ स्पेससुट डिजाइन



गरेको छ। चीनले नयाँ स्पेससुट डिजाइन गरेर दुनियाँको सामु प्रस्तुत गरेको छ। यसै स्पेससुटमा उसका अन्तरिक्ष यात्री २०३० सम्ममा चन्द्रमामा जानेछन्।

चीनको अन्तरिक्ष कार्यक्रमको लागि चन्द्रमामा आफ्ना अन्तरिक्ष यात्रीलाई अवतरण गराउनु ठूलो उपलब्धि हुनेछ। नयाँ स्पेससुटलाई विशेषगरी चन्द्रमाको तापक्रमको उतारचढाव, रेडिएशन र धूलोबाट जोगाउन ध्यानमा राखी बनाइएको छ।

चीनको दाबी छ कि यो स्पेससुट यति लचिलो छ कि अन्तरिक्ष यात्रीलाई चन्द्रमामा हिंड्डुल गर्न कुनै समस्या हुनेछैन।

अन्तरिक्ष यात्रीको सुरक्षालाई लिएर चीनको नयाँ स्पेससुटको प्रविधिले संसारभरको ध्यान खिचेको छ। यसमा लामो र छोटो दायरा भएका क्यामेरा जडान गरिएको छ, साथै अपरेशन कन्सोल पनि बिल्ट–इन छ। यसको हेलमेटको वायजर ग्लेयर–फ्रुफ छ।

चिनियाँ अन्तरिक्ष यात्री झाई झिगाङ र वाङ यापिङले देखाएका छन् कि स्पेससुट लगाएको अवस्थामा अन्तरिक्ष यात्री कसरी झुक्न सक्छन् र भऱ्याङ चढ्न सक्छन्।

स्पेसएक्सका सिइओ एलन मस्कले एक्समा चीनको सरकारी मिडियाको भिडियो आफ्नो क्याप्शनसहित पोस्ट शेयर गरेका छन्।

उनले लेखेका छन्, "यसबीच, अमेरिकामा फेडरल एभिएशन एडमिनिस्ट्रेशन (FAA) राष्ट्रिय अन्तरिक्ष कार्यक्रमलाई अजीब र जटिल पेपरवर्कमा दबाइएको छ।" मस्कको टिप्पणी चीनले अमेरिकाको तुलनामा आफ्ना अन्तरिक्ष कार्यक्रमलाई गति प्रदान गरेको विषयमा थियो।

**अन्तरिक्षमा नयाँ उचाइ छुने कोशिशमा चीन**

चीनले आफूलाई अन्तरिक्षको क्षेत्रमा महाशक्तिको रूपमा स्थापित गर्न चाहन्छ। उसको अन्तरिक्ष एजेन्सीले हालका वर्षहरूमा थुप्रै कठिन चन्द्रमाका मिशनहरू सम्पन्न गरेको छ। यसै वर्ष चीन चन्द्रमाको दक्षिणी ध्रुवबाट नमूना ल्याउने पहिलो देश बनेको छ।

चीन २०३० सम्ममा चन्द्रमामा अन्तरिक्ष यात्री उतार्ने तयारीमा छ। अमेरिकाले १९७२ पछि चन्द्रमामा अन्तरिक्ष यात्री पठाएको छैन, तर ऊ यो कार्य गर्न चाहन्छ। तर उसको आर्टेमिस ।।। मिशनमा बारम्बार ढिलाइ भइरहेको छ।

# सुखी विवाह के हो ?

सुखी विवाह वा निकाह मताह। जस्तो कि नामले थाहा हुन्छ कि यो अस्थायी विवाह व्यवस्था हो, जहाँ समयावधि र महर (दहेज) पहिले नै तय गरिन्छ।

केही एशियाली देशहरूमा युवतीहरूलाई यो समस्याजनक प्रवृत्तिमार्फत शोषण गरिँदैछ। उनीहरू पैसाको लागि मध्यपूर्वका पर्यटकहरूसँग सुखी विवाह गर्छन्।

प्रायः यी युवतीहरूले यौन सेवाहरू प्रदान गर्नुका साथै पर्यटकका लागि घरेलु सहयोगीको रूपमा पनि काम गर्छन्। जबकि यो विवाह अस्थायी हुने हुँदा युवतीहरू थुप्रै अनुबन्धमा संलग्न हुन सक्छन्।

लस एन्जल्स टाइम्सको एक रिपोर्टले कसरी यो समस्याजनक प्रवृत्ति इन्डोनेशियामा एउटा सम्पन्न उद्योगमा परिणत भएको छ भनेर समाचार प्रकाशित गरेको छ, जुन वेश्यावृत्तिको जस्तै अवैध भएपनि देशको अर्थतन्त्र र पर्यटनमा योगदान दिइरहेको छ।

जकार्तामा शरीफ हिदायतुल्लाह इस्लामिक स्टेट युनिभर्सिटीका इस्लामिक परिवार कानूनका प्रोफेसर यायन सोपियनले एलए टाइम्सलाई भने, "हामी अहिले यो प्रथालाई बढ्दो क्रममा देख्दैछौं। पर्यटनले आर्थिक आवश्यकताहरू पूरा गर्छ।"

एक युवा महिला, जो अब एक दशकदेखि यो समस्याजनक उद्योगमा छिन्, उसले यस एशियाली देश भ्रमण गर्ने पर्यटकहरूसँग धेरैपटक विवाह गरिसकेकी छन्। काया नाम गरेकी महिलाले पर्यटकलाई बताइन् कि जब उनले पहिलोपटक सुखी विवाह गरेकी थिइन्, त्यो बेला उनको उमेर केवल १७ वर्ष थियो। उनले साउदी अरबका ४० देखि ५० वर्ष उमेरका एक पर्यटकसँग विवाह गरेकी थिइन्।

विवाह इन्डोनेशियाको राजधानी जकार्तामा एक तीन तारे होटलमा भएको थियो। कायाकी ठूलो दिदी उनीसँगै होटल गएकी थिइन् र अभिभावकको भूमिकामा थिइन्, जबकि विवाहको व्यवस्था गर्ने एजेन्टले साक्षीको रूपमा काम गरेको थियो।

**यस कामको लागि कति रकम पाइन्छ ?**

कायालाई बदलामा एक लाख १४ हजार रुपैयाँ प्राप्त भयो, तर एजेन्टले त्यसबाट आधा रकम लियो। कायाले त्यो पुरुषसँग यौन सम्बन्ध बनाउनुका साथै घरेलु सहयोगीको रूपमा पनि काम गरिन्। उनले भुइँ पोछिन् र खानासमेत पकाइन्। विवाह पाँच दिनपछि समाप्त भयो, जब ती पुरुष साउदी अरब फर्कनको लागि विमानमा चढे, उनले तीनपटक तलाक भने।

कायाले १३ वर्षको उमेरमा आफ्नो सहपाठीसँग विवाह गरेकी थिइन्, जसले चार वर्षपछि उनलाई तलाक दियो। कायाले उसलाई छोडिन् र आफ्नी छोरीको लागि कुनै आर्थिक सहायता प्राप्त गर्न सकिनन्।

जब उनले कारखाना वा सामान्य पसलहरूमा काम गरिन्, आमाछोरीको लागि त्यो रकम पर्याप्त थिएन।

त्यसपछि, उनको दिदी, जो आफैं पनि अनुबन्धित दुलहीको रूपमा काम गर्छिन्, उनले उनलाई यस उद्योगसँग परिचित गराइन् र उनलाई एक दलालसँग जोडिन्।

प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# युद्धविरामका लागि दबाब नरोकिने ह्यारिसको भनाइ

वाशिङ्टन, २१ असोज/एएफपी

अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले इजरायल र अरब नेताहरूलाई



बन्धक रिहाइ र गाजामा युद्धविरामका लागि सम्झौता गर्न अमेरिकाले आफ्नो 'दबाब' कम नगर्ने बताएकी छन्।

वाशिङ्टनले इजरायलसँग मानवीय सहायताका लागि काम गरिरहेको छ र 'बन्धकहरूलाई रिहा गर्ने र युद्धविराम गर्ने सम्झौताको आवश्यकता छ। हामी इजरायल र अरब नेतासहित यस क्षेत्रमा दबाब दिने सन्दर्भमा रोकिने छैनौं"– ह्यारिसले सिबिएसको '६० मिनेट्स' लाई दिएको अन्तवार्तामा भनिन्।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले 'सुनिरहनुभएको छैन नि' भनी सिबिएसका बिल ह्वाइटेकरले ह्यारिसलाई अन्तर्वार्ताका क्रममा प्रतिप्रश्न गरेका छन्।

डेमोक्रेटिक पार्टीका तर्फबाट राष्ट्रपतिपदका उम्मेदवार ह्यारिसले अमेरिकी प्रयासका कारण इजरायलले त्यस क्षेत्रमा धेरै महत्त्वपूर्ण कामहरू गरेको तर्क गरिन्।

इजरायलमाथि इरानले गरेको क्षेप्यास्त्र आक्रमणको उल्लेख गर्दै उनले भनिन्–"इजरायललाई यस प्रकारका आक्रमणबाट आफ्नो प्रतिरक्षा गर्न हामीले सक्दो प्रयास गर्नु हामीलाई अनिवार्य छ।"

गाजामा अक्टोबर ७ मा हमासले एक्कासि हमला गरेको एक वर्ष पुगेको सन्दर्भमा इजरायल उच्च सतर्कतामा छ।

इजरायलले लेबनानमा हमासको इरानसमर्थित सहयोगी हिजबुल्लाहतर्फ आफ्नो ध्यान केन्द्रित गरेको छ र इरानी क्षेप्यास्त्र आक्रमणको बदला लिने प्रतिबद्धता जनाएको छ।

गत वर्ष अक्टोबर ७ मा प्यालेस्टिनी लडाकू समूहले इजरायलमाथि गरेको आक्रमणमा परी १,२०५ जनाको मृत्यु भएको थियो। इजरायलको जवाफी कारबाईमा गाजामा कम्तीमा ४१,८७० जनाको मृत्यु भएको छ।

दुवै पक्षले गरेका आक्रमण र कारबाईका क्रममा अधिकांश सर्वसाधारणको मृत्यु भएको थियो।

ह्विटेकरले नेतन्याहू अमेरिकाको 'वास्तविक र घनिष्ठ सहयोगी' हुन् कि होइनन् भनी सोधेको प्रश्नमा ह्यारिसले भनिन्–"राम्रो प्रश्न के हो भने के अमेरिकी जनता र इजरायली जनताबीच महत्त्वपूर्ण गठबन्धन छ? र उक्त प्रश्नको जवाफमा कुनै अलमल छैन। अमेरिकी र इजरायली जनताबीच अत्यन्त्यै राम्रो सम्बन्ध छ। रासस

# इरानको हवाई यातायात पुनः सञ्चालन

तेहरान, २१ असोज/एएफपी

इजरायलले इरानले गरेको क्षेप्यास्त्र आक्रमणको बदला लिने प्रतिबद्धता जनाएपछि केही विमानस्थलमा उडान स्थगित गरिएको तर स्थितिको मूल्याङ्कनपछि हवाई यातायात पुनः सञ्चालन गर्ने घोषणा गरेको इरानका अधिकारीहरूले सोमवार जनाएका छन्।

इरानको नागरिक उड्डयन सङ्गठनका प्रवक्ता जाफर याजार्लूले स्थानीय समय अनुसार आइतवार राति ११ बजेदेखि पुनः उडान सञ्चालन भइरहेको र उडान तालिका अनुसार भइरहेको जानकारी दिए।

इरानले गत मङ्गलवार इजरायलमाथि दोस्रो प्रत्यक्ष हमलामा करीब २०० क्षेप्यास्त्र प्रहार गरेको थियो, जुन इरानको रिभोल्युशनरी गार्ड्सका एक जनरलसहित तेहरान समर्थित लडाकू नेताहरूको हत्याको प्रतिशोध थियो।

त्यसयता इजरायलले इरानको आक्रमणको जवाफ दिने बताउँदै आएको छ।

इरानले शुरूमा मङ्गलवार रातिदेखि बिहीवार बिहानसम्म दुई दिनभन्दा कम समयका लागि आफ्नो हवाई क्षेत्र बन्द गरेको थियो।

त्यसपछि उड्डयन निकायले आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडानहरू सुरक्षाको कारण देखाउँदै पुनः नखुल्दासम्म ग्राउन्डेड गरिएको घोषणा गरेको थियो।

युरोपेली सङ्घ उड्डयन सुरक्षा निकायले युरोपेली एयरलाइन्सलाई अक्टोबर ३१ सम्म इरानी हवाई क्षेत्र प्रयोग नगर्न सुझाव दिएको छ। रासस

# एम्ब्रोस र ग्यारी रूभ्कनलाई नोबेल पुरस्कार

स्टकहोम, २१ असोज/एएफपी

'माइक्रोआरएनए' आविष्कार र आनुवांशिक प्रणालीको नियमनमा यसको भूमिकाका लागि अमेरिकी वैज्ञानिकद्वय भिक्टर एम्ब्रोस र ग्यारी रूभ्कन चिकित्साशास्त्रतर्फको नोबेल पुरस्कारबाट सम्मानित भएका छन्।

उनीहरूले एक मिलिमिटर लामो एक प्रकारको जुकामा कोष उत्परिवर्तन किन भयो र कहिले भयो भनेर निर्धारण गर्न अनुसन्धान गरेका थिए।

सन् १९९३ मा दुई लेखमा प्रत्येक कोषलाई सान्दर्भिक निर्देशनहरू मात्र चयन गर्न अनुमति दिने आनुवांशिक प्रणालीको नियमनसम्बन्धी उनीहरूको आधारभूत निष्कर्ष प्रकाशित भएको थियो।

आनुवांशिक गतिविधिको नियमनलाई बुझ्नु दशकौंदेखि एक महत्त्वपूर्ण लक्ष्य रहेको नोबेल पुरस्कार निर्णायकमण्डल (जुरी)ले बताएको छ। यदि आनुवांशिक प्रणालीको नियमनमा गलती भयो भने यसले क्यान्सर, मधुमेह वा स्वप्रतिरक्षाजस्ता गम्भीर रोगहरूको जोखिम निम्त्याउन सक्छ।

निर्णायकमण्डलले भनेको छ, "उनीहरूको अभूतपूर्व खोजले आनुवांशिक प्रणालीको नियमनको पूर्णरूपमा नयाँ सिद्धान्त प्रकट गऱ्यो, जुन मानवसहित बहुकोशीय जीवहरूको लागि आवश्यक साबित भयो।"

यो जोडीले माइक्रोआरएनए पत्ता लगाउन र जिनको नियमनमा यसको भूमिकाको खोजीमा सहकार्य गरेको थियो।

७० वर्षीय एम्ब्रोस युनिभर्सिटी अफ म्यासाचुसेट्स मेडिकल स्कूलका प्राध्यापक हुन् भने ७२ वर्षीय रूभ्कुन हार्वर्ड मेडिकल स्कूलका प्राध्यापक हुन्।

सन् १८९६ मा वैज्ञानिक अल्फ्रेड नोबेलको निधन भएको दिन डिसेम्बर १० मा स्टकहोममा आयोजित कार्यक्रममा उनीहरूलाई उक्त पुरस्कार प्रदान गरिनेछ। पुरस्कारको राशि १.१ करोड स्वीडिश क्रोन रहेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – व्यापारवृद्धि |
| मिथुन – शत्रुपराजय | कर्कट – सुसमाचार |
| सिंह – उदरपीडा | कन्या – राज्यलाभ |
| तुला – अतिथिआगमन | वृश्चिक – सुयश |
| धनु – व्यर्थभ्रमण | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – ईश्वरभक्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




**दुर्गा मन्दिर निर्माणः** महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका–१ मा अवस्थित वरुण सरोवरको दक्षिणी तटमा दुर्गा पूजाका लागि निर्माण गरिएको दुर्गा मन्दिर। तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# प्रेस काउन्सिलद्वारा ४३ युटचुब च्यानललाई कारबाही गर्न पत्राचार

काठमाडौं, २१ असोज/रासस

प्रेस काउन्सिल नेपालले तथ्यहीन, भ्रामक र अमर्यादित सामग्री सम्प्रेषण गर्ने ४३ वटा युटचुब च्यानललाई अनुसन्धान गरी कारबाही गर्न नेपाल




प्रहरीको साइबर ब्युरोलाई पत्राचार गरेको छ।

एकपक्षीय, अफवाहपूर्ण, अतिरञ्जित र अश्लील सामग्री सम्प्रेषण गरेको भन्दै ती माध्यमलाई कानूनी कारबाहीको लागि पठाएको हो। काउन्सिलले सञ्चारमाध्यमका रूपमा दर्ता नभएका त्यस्ता माध्यमबाट गलत सामग्री प्रसारण गरे सचेत गराइ नसच्चिएमा थप कारबाहीका लागि प्रहरीमा पठाउँदै आएको छ।

काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतको संयोजकत्वमा बसेको आचारसंहिता अनुगमन उपसमितिको निर्णय अनुसार ती सामाजिक सञ्जालसहित विभिन्न सञ्चारमाध्यमलाई कारबाही गर्ने निर्णय गरेको हो।

काउन्सिलले सोमवार जारी गरेको प्रेस विज्ञप्तिमा गत साउन महीनायता हिंसा, आतङ्कलाई प्रश्रय पुग्ने, हुँदै नभएको निराधार, अफवाह फैलाउने, अतिरञ्जित थम्बनेलसहितको शीर्षक दिई जनमानसमा भ्रम फैलाउने, त्रसित तुल्याउनेविरुद्ध कारबाही तीव्र पारिएको जनाएको थियो।

गत चैत २० गते काउन्सिलले युटचुब व्यवस्थापन, सूचीकरण र अभिलेखीकरणसम्बन्धी कार्यविधि बनाइ नियमित अनुगमन र कारबाही गर्दै आएको छ। काउन्सिलका सहप्रशासकीय अधिकृत एवं सूचना अधिकारी रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा युटचुबसहित विभिन्न अनलाइन सञ्चारमाध्यमलाई भएका कारबाहीबारे जनाइएको छ।

काउन्सिलले साउनयता मात्र आचारसंहिता पालना गर्न दिइएको निर्देशन पालना नगर्ने तीनवटा सञ्चारमाध्यमलाई अवज्ञाकारीको कालोसूचीमा राखेको छ। त्यस्ता सञ्चारमाध्यम राज्य तहबाट पाइने कुनै पनि सुविधा पाउनबाट वञ्चित हुनेछन्। कालोसूचीमा पर्ने सञ्चारमाध्यममा एबिपीक्राइमन्यूज डट कम, टिभीअन्नपूर्ण डटकम र सेतोखरी डटकम छन्। यो आर्थिक वर्षमा ७६ वटा उजूरी दर्ता भएका छन् भने २६९ सामग्री काउन्सिलले स्वअनुगमन गरी कारबाही गरेको छ।

पत्रकारिताको मूल्य–मान्यता अनुरूप पत्रकारिता गर्ने उद्देश्यका साथ सञ्चालित युटचुब च्यानललाई व्यवस्थित तथा मर्यादित बनाउने उद्देश्यका साथ काउन्सिलले कार्यविधि बनाइ काम गर्दै आएको छ। हाल युटचुब च्यानलबाट सम्प्रेषण हुने सामग्रीका विषयमा उजूरी र गुनासा बढ्दै गएको सन्दर्भमा कार्यविधि बनी नियमन गर्न थालिएको काउन्सिलले जनाएको छ।

विज्ञप्तिमा मिडिया अन्तर्गत सञ्चालनमा रहेका तर आचासंहिता विपरीतका सामग्री सम्प्रेषण गर्ने पाँचवटा अनलाइन सञ्चारमाध्यमलाई हटाउन निर्देशन दिई सचेत गराइएको, अरू पाँचवटा माध्यमका विवादास्पद सामग्री हटाइ स्पष्टीकरण सोधिएको उल्लेख छ। त्यस्तै, चारवटा दर्ता सूचीकरण नभएका वेबपोर्टल एवं सामाजिक सञ्जालका सामग्री हटाउन सचेत गराउँदै अन्यथा प्रचलित कानून बमोजिम कारबाही हुने जनाएको छ।

विधिवत्रूपमा सञ्चालनमा नआई सामग्री सम्प्रेषण गर्ने तर पटकपटक सचेत गराउँदा पनि अवज्ञा गर्ने एक वेबपोर्टललाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने व्यवस्थाका लागि नेपाल दूरसञ्चार प्राधिकरणमा पत्राचार गरिएको छ। त्यस्तै, विवादास्पद समाचार सम्प्रेषण गर्दै आएका अनलाइनपाना डटकम, स्वास्थ्यलाइभ डटकम, जनताटाइम्स डटकम, खप्तडटिभी डट कम, गुडटिभी डटकम, अर्थसञ्जाल डटकम, ध्वनिखबर डटकमसहितलाई विशेष अनुगमनमा राखी काउन्सिलले निगरानी गरेको जनाइएको छ। विभिन्न खालका कारबाहीमा परेका सबै सञ्चारमाध्यमको विस्तृत विवरण काउन्सिलले आफ्नो वेबसाइटमा समेत राखेको छ।

**भ्रष्टाचार ...**

र यसको भविष्य अनिश्चित र दयनीय बनिरहनेछ। एकपछि अर्को पुस्ता यसको शिकार भइरहनेछन्। भ्रष्टाचार सामाजिक अपराध पनि भएकोले यो समाज, नैतिकता र मानवीयता, संस्कार र संस्कृतिसँग पनि गाँसिएर आएको जटिल विषय हो। भ्रष्ट र भ्रष्टाचारीलाई समाजले सबैतिरबाट बहिष्कार र तिरस्कार गर्ने, गलत र नराम्रो मान्दै त्यस्ता गतिविधिलाई परिवार र समाजकै स्तरबाट विरोध र घृणा गरिदिने हो भने यसमा कमी आउने स्थिति हुन्छ। भ्रष्ट र भ्रष्टाचारीलाई सामाजिक सम्मान मिल्ने, कसले कुन माध्यमबाट धन कमायो, त्यसमा परिवार र समाजले कुनै सोधखोज नगरी स्वीकार्दै सम्मान गर्ने अवस्था भयो भने भ्रष्टाचार मौलाउन सहयोग पुग्छ।

अर्को शासन र सत्तामा बसेका मुख्य व्यक्ति वा उनीहरूको आचरण सही हुनुपर्छ। कानून लागू गराउने वा कार्यान्वयन गराउने निकाय र शक्ति नै भ्रष्टाचारमा मुछिन्छन् भने त्यहाँ सुशासन हुन्छ भन्न सकिन्न। सारमा भ्रष्टाचार बढ्नुमा प्रणाली जति दोषी हुन्छ, केही हदसम्म परिवार र समाज पनि जिम्मेवार हुन्छन्। जस्तोसुकै माध्यमबाट आएको पैसा परिवार र समाजले स्वीकार गर्ने, भ्रष्टलाई नेता मान्ने, चुनावमा विजयी गराउनेजस्ता कार्यले भ्रष्टाचार तथा भ्रष्ट संस्कृतिलाई मलजल गरिरहेका छन्। भ्रष्टाचार नियन्त्रण होइन यसलाई निर्मूल गर्नुपर्छ। हरेक तह र तप्कामा भइरहेको भ्रष्टाचारजन्य व्यवहारहरूको भण्डाफोर गर्नुपर्छ। भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने कार्यहरू पनि गर्न सकिन्छ। जबसम्म सर्वसाधारणमा भ्रष्टाचारविरुद्ध पूर्ण चेत आउँदैन, तबसम्म भ्रष्टाचार उन्मूलन हुँदैन। भ्रष्टाचार उन्मूलन नभएसम्म देशको समृद्धि पनि असम्भव छ। तसर्थ अन्य कुरामा टालटुले सुधार गर्नुभन्दा भ्रष्टाचारलाई निर्मूल गर्न हरेक क्षेत्रमा आमूल परिवर्तन आवश्यक छ। आमूल परिवर्तन नभएसम्म भ्रष्टाचार उन्मूलन सम्भव छैन।

अन्त्यमा,

भ्रष्टाचार नैतिक र कानूनी मापदण्डहरूको गम्भीर उल्लङ्घन हो, जसलाई व्यक्तिगत वा समूहगत लाभको लागि शक्तिको दुरुपयोगद्वारा चित्रण गरिन्छ। यसले घूसखोरी, ठगी, जालसाजी, नातावाद र जबरजस्ती करणीलगायतका विभिन्न रूपहरू लिन्छ र सार्वजनिक र निजी दुवै क्षेत्रमा हुन सक्छ। भ्रष्टाचारका प्रभावहरू दूरगामी हुन्छन्, विश्वास, निष्पक्षता र दक्षतालाई यसले कमजोर बनाउँदै जान्छ र सामाजिक र संस्थागत अखण्डताको क्षयमा योगदान पुऱ्याउँछन्। कुनै पनि प्रणालीमा पारदर्शिता, जवाफदेहिता र न्यायको प्रवर्द्धनका लागि भ्रष्टाचारविरुद्ध लड्नु महत्त्वपूर्ण छ।

# मिश्रको आलेख सङ्ग्रह 'बहुआयामिक महत्त्वका द्विपक्षीय सम्बन्ध' विमोचित

प्रस, वीरगंज, २२ असोज/

श्रीमन्नारायण मिश्रको आलेख सङ्ग्रह 'बहुआयामिक महत्त्वका द्विपक्षीय सम्बन्ध' कृति सोमवार विमोचन भयो। विमोचित कृति नेपाल–भारत सम्बन्धबारे प्रतीक दैनिकमा विभिन्न समयमा लेखहरूले तत्कालीन अवस्थाको समसामयिक विषयलाई समेटेको हुँदा यो सँगालो एउटा महत्त्वपूर्ण दस्तावेजको रूपमा रहने बताए।

नेपाल–भारतको सम्बन्धबारे चर्चा गर्दै पूर्वमुख्यमन्त्री गद्दीले यो सम्बन्ध प्रधानमन्त्री नरेन्द्र मोदी तथा उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथलाई जनकपुरधाममा स्वागत गर्न पाएकोबारे चर्चा गरे।

विश्वका अन्य मुलुकहरूभन्दा भारतसँग नेपालको सम्बन्ध फरक रहेको



प्रकाशित मिश्रका आलेखहरूको सँगालो हो।

पुस्तक विमोचन समारोहका मुख्य अतिथि मधेस प्रदेशका संस्थापक मुख्यमन्त्री लालबाबू राउत गद्दीले मिश्रद्वारा विभिन्न कालखण्डमा लेखेका पूर्वजदेखि चल्दै आएको बताए। दुई देशबीच राजनीतिक सिमानाले फरक देखाए पनि धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक तथा भौतिक सम्बन्ध एकै भएको भन्दै उनले आफू मधेस प्रदेशको मुख्यमन्त्री छँदा भारतका धारणा राख्दै उनले आफ्नो समस्याबारे भारतलाई व्यक्त गर्दा बाहिरकालाई अभिव्यक्त गरे जस्तो नलाग्ने र भारतले पनि नेपाललाई सहयोग एवं सल्लाह, सुझाव दिंदा भिन्न मुलुकलाई दिए जस्तो अनुभव नगरेको बताए। प्रधानमन्त्री मोदीलाई नेपाली सर्वसाधारणले जनकपुरमा गरेको अभूतपूर्व नागरिक अभिनन्दनले पनि उक्त कुरालाई पुष्टि गरेको पूर्वमुख्यमन्त्रीको तर्क थियो।

"मित्रराष्ट्र भारतको अनुभवबाट नेपालले धेरै कुरा सिक्ने मौका पाएको छ। आर्थिक नीतिलगायत भारतले अग्रिम अवलम्बन गरेका तथा प्रतिपादन गरेका नीतिहरू र तिनका प्रयोगलाई अध्ययन गरेर अप्ठेरो अवस्थामा पनि अगाडि बढ्न हामीलाई सहज भएको छ," मधेस प्रदेशसभा सदस्यसमेत रहेका गद्दीले प्रस्टचाए। उनले वीरगंजमा रहेको भारतीय महावाणिज्य दूतावासले मधेसमा पुऱ्याइरहेको योगदानको पनि चर्चा गरे।

कार्यक्रमका विशिष्ट अतिथि भारतीय महावाणिज्य दूतावास वीरगंजका वाणिज्यदूत तरुण कुमारले नेपाल–भारतबीचको सम्बन्धलाई नजीकबाट नियालेर लेखिएका लेखकहरू समेटिएको पुस्तक आफैंमा स्मरणीय रहेको बताए।

भारत र नेपालबीचको सम्बन्धलाई अझ बलियो बनाउँदै लग्नुपर्ने र त्यसका लागि यस्ता बौद्धिक कृतिहरूले महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने वाणिज्यदूत तरुणको विश्वास थियो।

कार्यक्रममा प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्माले छिमेकीसँग राम्रो सम्बन्ध राख्नु आफ्नै हितमा हुने विचार व्यक्त गर्दै नेपाल–भारतबीचको सम्बन्ध अतुलनीय रहेको बताए। बेलाबखत सानातिना, झिनामसिना समस्याहरू आइरहने भएपनि त्यसले कुनै दीर्घकालीन असर नगर्नु नै असल छिमेकीबीचको विशेषता भएको उनले जिकिर गरे।

कार्यक्रममा आफ्नो कृतिबारे प्रकाश पार्दै लेखक श्रीमन्नारायण मिश्रले गहन खोज तथा अनुसन्धान एवं भोगाइहरूको प्रतिविम्ब लेखमा उतारिएको बताउँदै दुई मुलुकबीच रोटीबेटी, सांस्कृतिक तथा आर्थिक सम्बन्ध रहेको बताए।

तीन दशकभन्दा लामो लेखन अनुभवको क्रममा दुई मुलुकमा विभिन्न सत्ता परिवर्तन, राजनीतिक आरोह–अवरोहहरू आएका र आफू पनि स्वभावैले कुनै राजनीतिक दलसँग आस्था राख्ने बताउँदै उनले आफ्नो आलेख भने कुनै पनि राजनीतिक प्रभाव एवं झुकावभन्दा टाढा यथार्थमा आधारित रहेको प्रस्ट पारे।

लेखक तथा इतिहासविद् डा वासुदेवलाल दासको अध्यक्षता एवं प्रतीक दैनिकका सम्पादक खड्गबहादुर श्रेष्ठको

(बाँकी चौथो पातामा)


## विपद्बाट बचौं र बचाऔं

विपद् आकस्मिकरूपमा आउने हुँदा:

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं,
- समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्सलगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं,
- विपद् आइहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौं,
- विपत्तिमा परेकालाई उद्दार र पुनर्स्थापनामा सहयोग गरौं,
- विपद्सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







# खेलकूदको संसार

## ज्यान गुमाएका खेलाडीका परिवारलाई जनही रू आठ लाख राहत

जीतलाल श्रेष्ठ, निजगढ, २१ असोज/

मकवानपुरको सिस्नेरी पहिरोमा परी ज्यान गुमाएका छजना खेलाडीका परिवारलाई जनही आठ लाख रुपियाँ राहत स्वरूप उपलब्ध गराउने अखिल नेपाल फूटबल सङ्घ (एन्फा)ले आइतवार निर्णय गरेको छ।

एन्फा अध्यक्ष पङ्कज विक्रम नेवाङको अध्यक्षतामा बसेको आपत्कालीन बैठकले प्रत्येक दिवङ्गत खेलाडीहरूको नाममा परिवारले चाहेको स्थान र क्षेत्रमा जनही दुई लाख रुपियाँको अक्षय कोष सङ्घबाट नै खोल्ने र उक्त कोषमा अन्य शुभचिन्तकहरूले पनि रकम सहयोग गर्न सक्ने जनाएको छ।



अनुपम घलान, विकल रेग्मी, आदित्य बलम्पाकी, साइमन योञ्जन, प्रियान्स आचार्य, दिवस बानियाँ

त्यसैगरी, एन्फाले सञ्चालन गर्ने छात्र स्कूल प्रतियोगितालाई स्वर्गीय छ खेलाडीहरूको स्मृतिमा सञ्चालन गर्ने, दिवङ्गत खेलाडीहरूका सालिक वा स्मृति स्तम्भ निर्माणका लागि श्री वत्सलादेवी माविमा पहल गरी निर्णय गराउने, दिवङ्गत परिवारलाई थप राहतका लागि फिफा र एएफसीलाई पनि अनुरोध गर्ने, उक्त घटनाबारे सत्यतथ्य विवरण संलग्न गरी यथार्थ प्रतिवेदन एक महीनाभित्र पेश गर्नेगरी अखिल नेपाल फूटबल सङ्घ (एन्फा)का केन्द्रीय सदस्य विकासनारायण श्रेष्ठको संयोजकत्वमा सङ्घका केन्द्रीय सदस्य टीकाराम लामा, एन्फा सहायक महासचिव दामोदर भट्टराई सदस्य रहनेगरी तीन सदस्यीय छानबीन समितिसमेत गठन गर्ने निर्णय भएको जनाइएको छ।

अखिल नेपाल फूटबल सङ्घ (एन्फा)ले पाँच महीनादेखि इन्द्रसरोवर–३ सिस्नेरी मकवानपुरस्थित श्री वत्सलादेवी माविमा १३ वर्षमुनि उमेर समूहका ४० जना खेलाडीलाई शैक्षिक, आवासीय व्यवस्थासहित फूटबल प्रशिक्षण गराउँदै आएको थियो। यही असोज ११ र १२ गते अविरल परेको वर्षाका कारण कुलेखानी जलविद्युत् आयोजनाको ड्याममा अत्यधिक जल सङ्कलन भएसँगै ड्याम फुट्न सक्ने स्थितिलाई ध्यानमा राख्दै सो ड्यामका दुईवटा गेट १२ गते बिहान ५:३० बजे खोल्दा सिस्नेरी खोलानजीकै रहेका खेलाडी, प्रशिक्षक, शिक्षक अन्य कर्मचारीहरूले उनीहरूलाई सुरक्षित स्थानमा लैजाने क्रममा होस्टेलनजीकैको पहिरोमा परी विकल रेग्मी, दिवस बानियाँ, साइमन योञ्जन, अनुपम घलान, आदित्य बलम्पाकी र प्रियांश आचार्यले ज्यान गुमाएका थिए।

*प्रस, वीरगंज/*

पहिरोमा परेर मृत्यु भएका खेलाडीहरूप्रति जिल्ला फूटबल सङ्घ पर्साले श्रद्धाञ्जलि व्यक्त गरेको छ। सोमवार साँझ घण्टाघरमा दीप प्रज्वलित गरेर सङ्घले मकवानपुर जिल्ला इन्द्रसरोवर गापा–३ स्थित श्री वात्सलादेवी मावि अन्तर्गतको एन्फा प्रशिक्षण केन्द्रका छजना नाबालक खेलाडीहरू अनुपम घलान, दिवस बानियाँ, प्रियांश आचार्य, साइमन योञ्जन, आदित्य बलम्पाखी र विकल रेग्मी यही आश्विन ११–१२ परेको अविरल वर्षाबाट गएको पहिरोमा परेर दुःखद निधन भएकोमा सहभागीहरूले श्रद्धाञ्जलि अर्पण गरेका थिए।

## काभा यू–२० च्याम्पियनशिपमा उज्वेकिस्तान विजयी

काठमाडौं, २१ असोज/रासस

सेन्ट्रल एशियन भलिबल एशोसिएशन (काभा) यू–२० च्याम्पियनशिपमा नेपाल उज्वेकिस्तानसँग पराजित भएको छ। श्रीलङ्काको कोलम्बोमा सोमवार भएको खेलमा उज्वेकिस्तानसँग नेपाल ३–१ को सेटमा पराजित भएको हो।

खेलमा पहिलो र दोस्रो सेट गुमाएको नेपालले तेस्रो सेट भने जितेको थियो। तेस्रो सेटको जीतले खेलमा फर्कने सङ्केत गरेको नेपाल त्यसपछिको सेटमा पराजित हुन पुग्यो र अन्ततः उज्वेकिस्तान विजयी भयो।

नेपालले उज्वेकिस्तानसँग पहिलो सेट १९–२५ले गुमायो भने खेलको दोस्रो सेट १४–२५ ले पराजित भयो।

यस्तै, नेपालले तेस्रो सेट २९–२७ ले आफ्नो पक्षमा पाऱ्यो। तर खेलको चौथो सेटमा नेपाल उज्वेकिस्तानसँग १५–२५ ले पछि पऱ्यो। प्रतियोगितामा नेपालको यो पहिलो हार हो। हिजो भएको पहिलो खेलमा नेपालले श्रीलङ्काविरुद्ध ३–० को सोझो सेटमा जीत निकालेको थियो।

यही असोज २६ गतेसम्म कोलम्बोमा सञ्चालन हुने उक्त प्रतियोगितामा नेपालले भोलि माल्दिभ्ससँग खेल्नेछ।

## तेस्रो दिनको फूटबलमा आर्य फर्मा विजयी

बलिराम शुक्ला, बिरुवागुठी, २१ असोज/

पर्सागढी नगरपालिका–१ मा जारी नवौं खसियाही गढीमाई गोल्डकप प्रतियोगिता अन्तर्गत सोमवार तेस्रो दिनको खेलमा आर्य फर्मा प्रालि छातापिपरा विजयी भएको छ।

खसियाही गढीमाई युवा समितिद्वारा आयोजित प्रतियोगितामा आर्य फर्माले पर्सागढी युथ क्लब बडनिहारलाई शून्यका



विरुद्ध दुई गोलअन्तरले पराजित गरेको हो। आर्य फर्माको तर्फबाट सुखारी चौधरी र आकाश चौधरीले एक/एक गोल गरेका थिए।

भोलिको खेल महावीर युथ क्लब सोलखपुर र आयोजक खसियाही गढीमाई युवा क्लब बसवरियाबीच हुने आयोजक समितिका अध्यक्ष मदनप्रसाद पटेलले बताए।